फाराम नं. :                                                                 सिलबन्दी फाराम बिक्रि गर्नेको सही :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# जिरी प्राविधिक शिक्षालय

**जिरी-५, दोलखा**

## सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात

## (Bidding Document)

**सीमा पर्खाल निर्माण सम्बन्धी कार्य**

**सिलबन्दी दरभाउपत्र आह्वानको दरभाउ पत्र नं. JTS/SQ/03/075/076**

मूल्य रु.१०००।-

## संङ्क्षिप्ताक्षर

| | | |
|---|---|---|
| BD: | Bidding Document | बोलपत्र सम्बन्धी कागजात |
| BDF: | Bidding Forms | बोलपत्र सम्बन्धी फारामहरु |
| BDS: | Bid Data Sheet | बोलपत्र सम्बन्धी विवरण |
| BOQ: | Bill of Quantities | मूल्य परिमाण सूची |
| COF: | Contract Forms | करार सम्बन्धी फारामहरु |
| DP: | Development Partner | दातृपक्ष ⁄ विकास साझेदार |
| ELI: | Eligibility | ग्राह्यता |
| GCC: | General Conditions of Contract | करारका सामान्य शर्तहरु |
| GoN: | Government of Nepal | नेपाल सरकार |
| ICC: | International Chamber of Commerce | अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्श |
| IFQ: | Invitation for Quotation | सिलबन्दी दरभाउपत्र आह्वानको सूचना |
| ITB: | Instructions to Bidders | बोलपत्रदातालाई निर्देशन |
| SQ: | Sealed Quotation | सिलबन्दी दरभाउपत्र |
| PAN: | Permanent Account Number | स्थायी लेखा नम्बर |
| PPA: | Public Procurement Act | सार्वजनिक खरिद ऐन |
| PPMO: | Public Procurement Monitoring Office | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| PPR: | Public Procurement Regulations | सार्वजनिक खरिद नियमावली |
| SBD: | Standard Bidding Document | नमूना दरभाउपत्रसम्बन्धी कागजात |
| SCC: | Special Conditions of Contract | करारका विशेष शर्तहरु |
| SR: | Schedule of Requirements | आवश्यकता सम्बन्धी विवरण |
| TS: | Technical Specifications | प्राविधिक स्पेशिफिकेशन |
| VAT | Value Added Tax | मूल्य अभिवृद्धि कर |
| WRQ: | Works Requirements | निर्माण कार्य सम्बन्धी विवरण |
| OTP | One Time Password | पटके पासवर्ड |
| SMS | Short Message Service | छोटो सन्देश सेवा |

**विषय-सूची** | **पेज नं.**


| | |
|---|---|
| खण्ड १ सिलबन्दी दरभाउपत्र आह्वानको सूचना | ४ |
| खण्ड २ दरभाउपत्रदातालाई निर्देशन | ५ |
| खण्ड ३ दरभाउपत्र सम्बन्धी विवरण | १४ |
| खण्ड ४ ग्राहयताका शर्तहरु | १७ |
| खण्ड ५ दरभाउपत्र सम्बन्धी फाराम | १८ |
| खण्ड ६ निर्माण सम्बन्धी आवश्यकता | २० |
| खण्ड ७ मूल्य परिमाण सूची | २१ |
| खण्ड ८ करारका सामान्य शर्तहरु | २५ |
| खण्ड ९ करारका विशेष शर्तहरु | ३६ |
| खण्ड १० करार सम्बन्धी फारामहरु | ३८ |

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## सिलबन्दी दरभाउपत्र नं. JTS/SQ/03/075/76

**प्रथम पटक प्रकाशित मितिः. २०७६।०१।२६**

जिरी प्राविधिक शिक्षालयको सीमा पर्खाल निर्माण कार्यको लागि नेपाल सरकारबाट इजाजत प्राप्त, मु.अ.क. (भ्याट) मा दर्ता भएका फर्महरुबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सीमा पर्खाल निर्माण कार्यको लागि अनुमानित लागत मूल्य मु.अ.कर सहित रु.१०,४४,५३७।३० (अक्षरुपी दश लाख चौवालिस हजार पाँच सय सैंतिस र तीस पैसा) मात्र रहेको छ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्रदाताहरुले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्बन्धि फाराम हेर्नको लागि जिरी प्राविधिक शिक्षालय जिरी, दोलखाको वेवसाइट www.jiritechnicalschool.com/www.jts.edu.np मा हेर्न सकिनेछ ।

३. योग्य निर्माण व्यवसायिहरुले मिति २०७६।०२।०९ गते अपरान्ह ४:०० बजे भित्रमा १०००।- रुपैया (फिर्ता नहुने) गरी दस्तुर तिरेको सक्कल रसिद, फर्म दर्ता प्रमाणपत्रहरु तथा आ.व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्र, नोटरी पब्लिकबाट प्रमाणित गराई लिखित निवेदन सहित दरभाउपत्र खरिद गर्न सकिनेछ ।

४.सिलबन्दी दरभाउपत्रहरु मिति २०७६।०२।१० गते दिनको १२:०० बजे भित्रमा कम्तीमा ७५ दिनको मान्य अवधि भएको लागत मूल्यको ३% ले हुन आउने वैंक जमानत पत्र वा यस शिक्षालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक चरिकोट शाखाको च.हि.नं. १६१०००००५३९०१ मा जम्मा गरेको सक्कल नगद भौचर सहित दर्ता गर्नु पर्नेछ । साथै उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समय अवधिभित्र दर्ता गर्न सकिनेछ ।

५.निर्धारित अन्तिम दर्ता समयभित्र दर्ता भएका फर्म तथा कम्पनीहरुको सिलवन्दी दरभाउपत्र सोही दिनको ठिक २:०० वजे कार्यालय प्रमुख, कर्मचारी प्रतिनिधिहरु र फर्म तथा कम्पनीको आधिकारिक पत्र सहितको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । यदि फर्म तथा कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार शिक्षालयमा निहित रहनेछ ।

७. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा नेपाल सरकारको प्रचलित कानून सार्वजनिक खरीद ऐन २०६३, (पहिलो संशोधन) २०७३, सार्वजनिक खरीद नियमावली (पाँचौ संशोधन) २०७३ र परिषद्को आर्थिक प्रशासन सम्वन्धी विनियमावली २०६२ (संशोधन सहित) अनुसार मान्य हुनेछ ।

**शिक्षालय प्रमुख**
जिरी प्राविधिक शिक्षालय
सम्पर्क टेलिफोन नं. ०४९-४०००६३

**खण्ड २. दरभाउपत्रदातालाई निर्देशन**(Instruction to Bidder (ITB))

| | |
|---|---|
| **१. कार्य क्षेत्र(Scope of Works)** | १.१ ***दरभाउपत्र सम्बन्धी विवरणमा*** उल्लेख गरिएको खरिदकर्ताले स्पेशिफिकेशन, ड्इङ्ग र मूल्य परिमाण सूची (Bill of Quantities) अनुसार निर्माण कार्य खरिदको लागि सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ । खरिदकर्ताको नाम, खरिदकोनाम तथा खरिद सम्झौता नम्बर ***दरभाउपत्र सम्बन्धी विवरणमा***उल्लेख गरिएको छ । |
| **२.ग्राह्यदरभाउपत्रदाता (Eligible Bidder)** | २.१ यो सिलबन्दी दरभाउपत्र यसै दस्तावेजको **खण्ड ३: ग्राह्यताका शर्तहरु** मा उल्लेख भए अनुसार कानून वमोजिमदर्ता भएका र ग्राह्यताका शर्तहरु पूरा गर्ने सवै निर्माण व्यवसायीहरुको लागि खुला गरिएको छ । नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै दरभाउपत्रदातालाई कालोसूचीमा राखी दरभाउपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता दरभाउपत्रदाता नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म सिलबन्दी दरभाउपत्र पेश गर्न ग्राह्य हुनेछैन । |
| **३. एक दरभाउपत्र एक दरभाउपत्रदाता (One Bid One Bidder)** | ३.१ एक दरभाउपत्रदाताले एक्लै वा संयुक्तउपक्रमको रुपमा एउटा मात्र दरभाउपत्र पेश गर्न पाउनेछ । कुनै दरभाउपत्रदाताले एक भन्दा बढी दरभाउपत्र पेश गरेको अवस्थामा त्यस्तो दरभाउपत्रहरु मान्य हुनेछैनन् । |
| **४. दरभाउपत्र लागत (Cost of Bidding)** | ४.१ दरभाउपत्र तयार तथा पेश गर्दा लाग्ने सम्पूर्ण खर्चहरु दरभाउपत्रदाताले नै बेहोर्नुपर्नेछ । कुनैपनि अवस्थामा यस्ता खर्चहरु व्यहोर्न खरिदकर्ताको दायित्व हुने छैन । |
| **५. स्थलगत निरीक्षण(Site Visit)** | ५.१ दरभाउपत्र तयारी तथा खरिद प्रक्रियामा सहभागी हुनुपूर्व निर्माण स्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न दरभाउपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ । |
| **६. दरभाउपत्र फारामका अंगहरु(Content of Quotation Form)** | ६.१ दरभाउपत्र सम्बन्धी फाराममा निम्न अनुसारका कागजातहरु समावेश गरिएका छन्:<br>खण्ड १: दरभाउपत्रदातालाई निर्देशन<br>खण्ड २: दरभाउपत्र सम्बन्धी विवरणहरु (विड डाटा सिट)<br>खण्ड ३: ग्राह्यता सम्बन्धी शर्तहरु<br>खण्ड ४: दरभाउपत्र सम्बन्धी फारामहरु<br>खण्ड ५: निर्माण सम्बन्धी आवश्यकताहरु(Requirements)<br>खण्ड ६: मूल्य परिमाण सूची (Bill of Quantities) |

| | |
|---|---|
| | खण्ड ७: करारका सामान्य शर्तहरु (GCC)<br>खण्ड ८: करारका विशेष शर्तहरु (SCC)<br>खण्ड ९:करारका फारामहरु(Contract Forms) |
| **७. स्पष्टीकरण ( Clarification)** | ७.१ दरभाउपत्र सम्बन्धी कागजातमा रहेका कुनै विषयमा स्पष्ट हुन चाहने इच्छुक निर्माण व्यवसायी वा दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मितिभन्दापाँच दिन अगावै खरिदकर्ताबाट स्पष्टीकरण प्राप्त गर्न सक्नेछ । |
| **८. दरभाउपत्रको भाषा( Language of Quotation)** | ८.१ दरभाउपत्रसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अंग्रेजी/नेपाली भाषामा हुनेछन् । |
| **९. दरभाउपत्र सम्बन्धी कागजातहरु( Documents Comprising Quotation)** | ९.१ दरभाउपत्रदाताले पेश गर्ने दरभाउपत्रमा निम्न कागजातहरु रहनेछन्:<br>• दरभाउपत्र फाराम<br>• कानूनी ग्राह्यता सम्बन्धी सूचना र कागजातहरु,<br>• दरभाउपत्र जमानत र<br>• मूल्यअंकित परिमाण सूची (Priced Bill of Quantities) |
| **१०. दरभाउपत्रमा अंकित दररेट (Quotation Prices)** | १०.१ यो करार दरभाउपत्रदाताले पेश गरेको मूल्यअंकित परिमाण सूचीको आधारमा कार्य क्षेत्रमा उल्लेख गरिएको सम्पूर्ण कामको निमित्त हुनेछ । दरभाउपत्रदाताले निर्माण कार्यको सम्पूर्ण आईटमहरुको लागि नेपाली रुपैयाँमा दररेट भर्नुपर्नेछ । कुनै आईटममा दररेट नभरेको अवस्थामा त्यस्तो आईटमको मूल्य अन्यमूल्य परिमाण सूचीमा रहेका आईटमका दररेटमा समावेश भएको मानिनेछ र त्यस्तो दररेट नभरेको आईटमको लागि खरिदकर्ताले छुट्टै रकम भुक्तानी गर्नेछैन ।<br>१०.२ दरभाउपत्रदाताले पेश गरेको सबै आईटमको दर, मूल्य तथा कबोल मूल्यमा सम्झौता बमोजिम दरभाउपत्रदाताले बेहोर्नु पर्ने सम्पूर्ण भन्सार शुल्क तथा करहरु समावेश भएको हुनुपर्नेछ । |
| **११. दरभाउपत्र मान्य हुने अवधि( Quotation Validity)** | ११.१ दरभाउपत्र मान्य हुने अवधि दरभाउपत्र खोलेको मितिबाट ४५ दिनकायम हुनेछ । सोभन्दा कम अवधिको दरभाउपत्रलाई निष्प्रभावग्राही ठहर गरी अस्वीकार गरिनेछ । |
| **१२. दरभाउपत्रको जमानत(Bid Security)** | १२.१ दरभाउपत्रदाताले दरभाउपत्रको अंगको रुपमा ***दरभाउपत्र सम्बन्धी विवरणमा***उल्लेख भए अनुसार दरभाउपत्र जमानतको सक्कलप्रति पेश गर्नुपर्नेछ । विद्युतीय माध्यमबाट दरभाउपत्र पेश गरिने भएमा दरभाउपत्र पेश गर्दा दरभाउपत्रजमानतलाई स्क्यान गरी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानतका सक्कल र स्क्यानप्रतिएउटै हुनुपर्नेछ, अन्यथा दरभाउपत्र प्रभावग्राही हुनेछैन ।<br>१२.२ दरभाउपत्रदाताको इच्छा अनुसार दरभाउपत्र जमानत देहाय बमोजिम पेश |

| | |
|---|---|
| | गर्न सकिनेछ::<br><br>क. नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको निःशर्त बैंक जमानत, वा<br><br>ख. **दरभाउपत्र सम्बन्धी विवरणमा** उल्लेख भएअनुसारको रकम खरिदकर्ताको खातामा नगद दाखिला भएको भौचर<br><br>बैंक जमानतको हकमा खण्ड ३ (दरभाउपत्र फाराम) मा उल्लेख गरिएको वाखरिदकर्तालाई मान्य हुने अरु कुनै ढाँचामा समेत पेश गर्न सकिनेछ । त्यस्तो ढाँचामा दरभाउपत्रदाताको पूरा नाम अनिवार्य उल्लेख भएको हुनुपर्नेछ । दरभाउपत्र जमानतको मान्य अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढी हुनुपर्नेछ ।<br><br>१२.३ सारभूतरुपमा मान्य र स्वीकार्य जमानत समावेश नभएका दरभाउपत्र खरिदकर्ताले प्रभावग्राही नहुने ठहर गरी अस्वीकार गर्नेछ । बिद्युतीय माध्यमबाट पेश गरिएको दरभाउपत्रको हकमा,स्वीकार्य जमानतको स्क्यानप्रति समावेश नभएमा त्यस्तो दरभाउपत्र पनि अस्वीकार गरिनेछ ।<br><br>१२.४ देहायको अवस्थामा दरभाउपत्र जमानत जफत हुनेछः<br><br>क. दरभाउपत्रदातालेदरभाउपत्रमा उल्लिखित मान्य अवधिभित्रदरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न निवेदन पेश गरेमा,<br><br>ख. कुनै सूचना वा जानकारी उपलब्ध गराउने सिलसिलामा सिलबन्दी दरभाउपत्रमा उल्लेख भएको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन गरेमा,<br><br>ग. **दरभाउपत्रदातालाई निर्देशनको दफा २७** बमोजिम दरभाउपत्रदाता कुनै जालसाजीपूर्ण वा भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको पाईएमा,<br><br>घ. दरभाउपत्रदाता निम्न शर्त पुरा गर्न असफल भएमाः<br><br>(१). **दरभाउपत्रदातालाई निर्देशनको दफा २५ र २६** अनुसारको कार्य सम्पादन जमानत पेश गर्न, वा<br><br>(२). दरभाउपत्र स्वीकृतिको सूचनामा उल्लिखित समयावधि भित्र सम्झौतामा हस्ताक्षर गर्न, वा<br><br>(३). **दरभाउपत्रदातालाई निर्देशनको दफा २१.१** बमोजिम सच्याइएको अंक गणितीय त्रुटि स्वीकार गर्न, वा<br><br>(४) खरिदकर्ताले दरभाउपत्र सम्बन्धमा सोधेको प्रश्नको जवाफ तोकिएको मिति र समय भित्र उपलब्ध गराउन। |
| **१३. दरभाउपत्रको ढाँचा र हस्ताक्षर ( Format and Signing of Quotation)** | १३.१दरभाउपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोही व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । |
| **१४. दरभाउपत्र** | १४.१ दरभाउपत्रदाताले दरभाउपत्र सिधै कार्यालयमा वा***दरभाउपत्र सम्बन्धी*** |

| | |
|---|---|
| **सिलबन्दी तथा मार्किङ (Sealing and Marking of Quotation)** | ***विवरणहरु*** (विड डाटा सिट) मा उल्लेख गरिएको भएमा विद्युतीय माध्यमबाट पेश गर्न सक्नेछन् । दरभाउपत्र सिलबन्दी गरी खाममा लेख्ने,मार्किङ गर्ने तथा पेश गर्नेप्रक्रिया निम्नानुसार हुनेछः<br><br>सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले आफ्नो दरभाउपत्र खामभित्र राखी सिलबन्दी गरीबाहिरी खाममा दरभाउपत्र आह्वानको सूचनामा उल्लिखित खरिदकर्तालाई सम्बोधन गरी सम्बन्धित खरिदको नाम, संकेत नम्बर तथा सिलबन्दी दरभाउपत्र पेशगर्ने संस्थाको नाम समेत उल्लेख गर्नुपर्नेछ ।<br><br>१४.२ विद्युतीय माध्यमबाट पेश गर्ने दरभाउपत्रदाताले ***दरभाउपत्र सम्बन्धी विवरणहरु (विडडाटा सिट)***मा उल्लिखित प्रक्रिया अवलम्वन गर्नुपर्नेछ। |
| **१५. दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय(Deadline for Submission of Quotation)** | १५.१ दरभाउपत्रदाताले ***दरभाउपत्र सम्बन्धी विवरणहरु (विड डाटा सिट)*** मा उल्लिखित मिति र समयभित्रै खरिदकर्ताको ठेगानामा दरभाउपत्र बुझ्काउनुपर्नेछ । |
| **१६. ढिलोगरी प्राप्त दरभाउपत्र(Late BId)** | १६.१ खरिदकर्ताले म्याद नाघी प्राप्त गरेका दरभाउपत्रहरु स्वीकार गर्नेछैन र त्यस्ता दरभाउपत्र दरभाउपत्रदाताले फिर्ता गर्न अनुरोध गरेमा नखोलिकनै फिर्तागर्नुपर्नेछ। |
| **१७. संशोधन वा फिर्ता (Modification or Withdrawl)** | १७.१ एकपटक पेश भएको दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन । |
| **१८. दरभाउपत्र खोल्ने (Bid Opening)** | १८.१ खरिदकर्ताले प्राप्त दरभाउपत्रहरु ***दरभाउपत्र सम्बन्धी विवरण(विड डाटा सिट)*** मा उल्लिखित स्थान, मिति र समयमा उपस्थित हुन चाहने दरभाउपत्रदाता वा निजका आधिकारिक प्रतिनिधिहरुको रोहवरमा खोल्नुपर्नेछ ।खरिदकर्ताले दरभाउपत्र खोलीसवै विवरणसहितको मुचुल्कातयार गरी उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराइसो को प्रतिलिपि निजहरुलाई उपलव्ध गराउनुपर्नेछ । |
| **१९. गोपनीयता( Process to be Confidential)** | १९.१ सफल दरभाउपत्रदातालाई ठेक्का प्रदान गरिएको सूचना जारी नभएसम्मदरभाउपत्रदाता वा आधिकारिक रूपमा मूल्यांकन प्रक्रियामा संलग्न नभएका अन्य कुनै पनि व्यक्तिलाई दरभाउपत्रको परीक्षण, मूल्यांकन, तुलना र ठेक्का प्रदान गर्न गरिएको सिफारिश सम्बन्धी जानकारी दिइने छैन । दरभाउपत्रदाताले कुनै पनि किसिमले खरिदकर्तालाई दरभाउपत्रको परीक्षण, मूल्यांकन, तुलना र पश्चात्-योग्यता परीक्षण र ठेक्का प्रदान गर्ने निर्णय प्रक्रियामा प्रभाव पार्ने प्रयास गरेमा त्यस्तो दरभाउपत्रदाताको दरभाउपत्र रद्द हुन सक्नेछ । |
| **२०. दरभाउपत्रको परीक्षण ( Examination** | २०.१ दरभाउपत्रको विस्तृत मूल्याङ्कन गर्नु अघि खरिदकर्ताले प्रत्येक दरभाउपत्र देहाय बमोजिम भए नभएको निश्चित गर्नुपर्नेछः |

| | |
|---|---|
| **of Quotations**) | (क) **खण्ड ३ को ग्राह्यताका शर्तहरु** माउल्लेख भए अनुसारका शर्तहरु पूरा गरेनगरेको,<br>(ख) दरभाउपत्रमा आधिकारिक व्यक्तिको दस्तखत भए नभएको,<br>(ग)दरभाउपत्रको साथ आवश्यक जमानत समावेश भएभएको, र<br>(घ) दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार सारभूतरुपमा प्रभावग्राही भए नभएको । |
| **२१. दरभाउपत्रको मूल्यांकन र तुलना (Evaluation and Comparison of Quotations**) | २१.१ खरिदकर्ताले दरभाउपत्र मूल्याङ्कन गर्दा दरभाउपत्रमा भएका त्रुटिहरुसच्याई मूल्याङ्कित कबोल अङ्क तय गर्नेछ । खरिदकर्ताले दरभाउपत्रमा अङ्कगणितीय त्रुटि रहे नरहेको परीक्षण गर्नेछ र त्रुटि रहेको पाईएमा निम्न अनुसार सच्याउनेछः<br>(क) इकाई दरको सम्झौताको हकमा इकाइ दर र इकाइ दरले परिमाणलाई गुणन गर्दा हुने कूल रकममा फरक परेमा ईकाइ दरलाई मान्यता दिई कूल रकमलाई सच्याइनेछ तर खरिदकर्तालाई उल्लिखित दररेटको दशमलव विन्दु गलत ठाउँमा परेको भन्ने लागेमा कूल रकमलाई मान्यता दिई इकाई दरलाई सच्याइनेछ ।<br>(ख) सवटोटल (Subtotal)रकमहरुको जोड वा घटाउको कारणले अन्तिम कूल रकममा त्रुटि भएको अवस्थामा सवटोटल रकमहरुलाई मान्यता दिई कूल रकमलाई सच्याइनेछ ।<br>(ग) यदि दरभाउपत्रको मूल्य परिमाण सूची (Bill of Quantities)को कबोल रकम र दरभाउपत्र फारामको (सि.न."ग") अनुसारको कबोल रकममा फरक भएमा मूल्य परिमाण सूची (Bill of Quantities)मा भएको रकमलाई मान्यता दिई दरभाउपत्र फारामको (सि.न."ग") मा भएको कबोल रकमलाई सच्याइनेछ ।<br>(घ) अंक गणितीय त्रुटि सच्याइएको रकमसँग सम्वन्धित अक्षर बाहेकको हकमा माथि उल्लिखित (क),(ख) र (ग) को अधीनमा रही अंक र अक्षरमा लेखिएको रकममा फरक पाईएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।<br>२१.२ खरिदकर्ताले दरभाउपत्रदातासँग पेश भएका कागजातमा अस्पष्ट भएका विषयमा मनासिव समय दिई आवश्यक जानकारी माग गर्न सक्नेछ। यसरी माग गरिएकोमा दरभाउपत्रदाताले तोकिएको समयभित्रै जानकारी दिनुपर्नेछ तर त्यसरी जानकारी दिंदा दरभाउपत्रको मूल्य वा अन्य सारभूत विषय परिवर्तन वा हेरफेर गर्न पाइनेछैन । जानकारी नदिएमा त्यस्तो दरभाउपत्र अस्वीकार गर्न सकिनेछ ।<br>२१.३ न्यूनतम मूल्यांकित दरभाउपत्रदातालेअंक गणितीय त्रुटि सच्याइएको स्वीकार नगरेमा निजले पेश गरेको दरभाउपत्र प्रभावग्राही हुनेछैन रदरभाउपत्र जमानत जफत गरिनेछ । |
| २२. खरिद सम्झौता ( **Award of Contract**) | २२.१ खरिदकर्ताले **दरभाउपत्रदातालाई निर्देशनको दफा २** मा प्रावधान भए बमोजिम ग्राह्य भएको रस्वीकृत लागत अनुमानभित्ररही सबैभन्दा कम दररेट कबोल गर्ने दरभाउपत्रदातासँगदरभाउपत्रको मान्य अवधिभित्रखरिद सम्झौता |

| | | |
|---|---|---|
| | | (ठेक्का) गर्ने निर्णय गर्नेछ। |
| **२३. खरिदकर्ताको स्वीकार वा अस्वीकार गर्ने अधिकार** ( **Purchaser's Right to Accept orReject**) | २३.१ | खरिद सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने वा दरभाउपत्रको प्रक्रिया रद्द गर्ने वा सम्पूर्ण दरभाउपत्र अस्वीकार गर्ने अधिकार खरिदकर्तामा निहित रहनेछ। यसरी रद्द वा अस्वीकार गर्दादरभाउपत्रदाताप्रतिखरिदकर्ताको कुनै दायित्व रहने छैन। |
| **२४.स्वीकृतिको सूचना र सम्झौता**( **Notification of Award and Signing of Agreement**) | २४.१ | खरिदकर्ताले दरभाउपत्र स्वीकृतिको जानकारीस्वीकृतदरभाउपत्रदाता र अन्य सबै सहभागी दरभाउपत्रदाताहरुलाई गराउनेछ। |
| | २४.२ | छनौट भएको दरभाउपत्रलाई दिइने सूचना (यसपछि "स्वीकृतपत्र" भनिएको) मा खरिदकर्ताले दरभाउपत्रदातालाई दरभाउपत्रमा उल्लेख भए बमाजिम निर्माण कार्यको कायान्वयन, समापन र मर्मत सम्भार बापत भुक्तान गर्नुपर्ने रकम उल्लेख हुनुपर्नेछ। छनौट भएको दरभाउपत्रदाताले स्विकृतिपत्र प्राप्त गरेको मितिले सातदिन भित्र यसै दफा २५ बमोजिमको कार्यसम्पादन जमानत दाखिला गरी करार सम्झौतामा हस्ताक्षर गर्नुपर्नेछ। |
| | २४.३ | छनौट भएको दरभाउपत्रदाता माथि दफा २४.२ मा उल्लिखित समयावधि भित्र करार सम्झौतामा हस्ताक्षर गर्न नआएमा त्यस्तो सम्झौता रद्द भएको मानिनेछ र निजले जमानत बापत दाखिला गरेको रकम समेत जफत गरी त्यसपछि न्यूनत्तम रकम कबोल गर्ने सफल दरभाउपत्रदातासँग करार सम्झौता गरिनेछ। |
| **२५. कार्यसम्पादन जमानत** ( **Performance Security**) | २५.१ | ठेक्का प्राप्त गर्ने दरभाउपत्रदाताले खरिदकर्ताबाट ठेक्का स्वीकृति पत्र प्राप्त भएको मितिले ७ दिन भित्र खण्ड ९ (सम्झौता फाराम) मा उल्लेख गरिएको वा खरिदकर्तालाई स्वीकार्य हुने अन्य ढाँचामा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको कार्यसम्पादन जमानत निम्नानुसार पेश गर्नु पर्नेछः<br><br>(क) स्वीकृत दरभाउपत्रको कबोल रकम स्वीकृत लागत अनुमान भन्दा १५ (पन्ध्र) प्रतिशत सम्म कम भएमा कार्य सम्पादन जमानत रकम कबोल रकमको ५ (पाँच) प्रतिशत हुनेछ।<br><br>(ख) स्वीकृत दरभाउपत्रको कबोल रकम स्वीकृत लागत अनुमान भन्दा १५ (पन्ध्र) प्रतिशत भन्दाबढीले घटी हुने गरी कबोल भएको अवस्थामा कार्यसम्पादन जमानत बापत पेश गर्नुपर्ने रकम निम्नानुसार हुनेछः<br><br><u>कार्यसम्पादन जमानत रकम</u>=<br><br>{(०.८५ x लागत अनुमान –कबोल रकम) x ०.५} + कबोल रकमको ५%<br><br>नोटः लागत अनुमान र कबोल रकम दुबैमा मूल्य अभिवृद्धि कर सहितको रकम समावेश गर्नुपर्नेछ। |

| | |
|---|---|
| **२६. अतिरिक्त जमानत** | २६.१ दरभाउपत्रदाताले मूल्य परिमाण सूचीमा उल्लेख गरेको दर फ्रन्ट लोडेड (Front Loaded)गरेको वा असन्तुलित(Unbalanced) भएको भनि खरिदकर्ताले निर्णय गरेमा निजले त्यस्तो दरभाउपत्रदाताबाट अतिरिक्त कार्यसम्पादन जमानत पेश गर्न लगाउन सक्नेछ । त्यस्तो अवस्थामा खरिदकर्ताले दरभाउपत्रदातालाई करार सम्झौतामा हस्ताक्षर गर्नको लागि कबोल अङ्कको थपआठ प्रतिशत रकम कार्यसम्पादन जमानत पेश गर्न आदेश दिनेछ । दरभाउपत्रदाताले थप कार्यसम्पादन जमानत पेश गर्न नसकेमा निजको दरभाउपत्रजमानत जफत गरी त्यसपछिको न्यूनत्तम रकम कबोल गर्ने दरभाउपत्रदातासँग खरिद सम्झौता गर्न सकिनेछ । . |
| **२७. भ्रष्टाचार वा जालसाजी( Corrupt or Fraudulent Practices)** | २७.१ प्रस्तावित खरिद कार्यको निमित्त छनौट भएको दरभाउपत्रदाता खरिद प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमाखरिदकर्ताले त्यस्तो दरभाउपत्रदातासँगको खरिद सम्झौता गर्न अस्वीकार गर्नेछ । |
| **२८. बोलपत्रदाताको आचरण ( Conduct of Bidders)** | २८.१ दरभाउपत्रदाताले करार सम्झौता, दरभाउपत्र सम्बन्धी कागजात, नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावलीले तोके बमोजिमका सबै दायित्वहरु पूरा गर्नुपर्नेछ ।<br>२८.२ दरभाउपत्रदाताले खरिद प्रक्रिया तथा खरिद सम्झौता कार्यान्वयनलाई प्रभाव तुल्याउने उद्देश्यले निम्न क्रियाकलापहरु गर्नु गराउनु हुँदैन :<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,<br>(ख) तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न,<br>(ग) भ्रष्टाचाजन्य वा जालसाजीजन्य कार्यमा संलग्न हुन,<br>(घ) खरिद प्रक्रियामा अन्य सम्भावित दरभाउपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न,<br>(ङ) खरिद कारबाहीमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्तिमा हानी नोक्सानी पुर्‍याउने प्रत्यक्ष वा अप्रत्यक्षरुपमा धम्की दिन वा अन्य कुनै किसिमबाट जोरजुलुम गर्न,<br>(च) दरभाउपत्रदाताहरुबिच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा दरभाउपत्रको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले दरभाउपत्र पेश गर्नुभन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,<br>(छ)दरभाउपत्र खोलेको समयदेखि स्वीकृतिको सूचना नदिंदासम्मको अवधिमा दरभाउपत्रका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा दरभाउपत्र परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न। |

| | |
|---|---|
| **२९. कालो सूचीमा राख्ने**( **Blacklisting Bidder**) | २९.१ नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयले यस सम्झौतामा उल्लिखितखरिदकर्ताको कुनै पनि अन्य अधिकारहरुप्रति पूर्वाग्रह नराखी दरभाउपत्रदाताले गरेको निम्न क्रियाकलाप तथा सोको गाम्भिर्यताको आधारमा निजलाई तीन वर्षसम्मको लागि कालोसूचीमा राख्न सक्नेछ :<br>(क) दरभाउपत्रदातालाई निर्देशनको उपदफा २८.२ मा उल्लेख भएअनुसार आचरण विपरीतका क्रियाकलाप गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा दरभाउपत्रदाताले सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद प्रक्रियामा सहभागी हुन अयोग्य ठहरिने गरी कुनै फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित भएमा,<br>(घ) दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्रदाताको योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,<br>(ङ) स्वीकृतिको लागि छनौट भएको दरभाउपत्रदाता खरिद सम्झौता गर्न नआएमा,<br>२९.२ नेपाल सरकारले कालोसूचीमा राखेको वा अयोग्य भनी ठहर गरेको संस्थाले सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको अवधिसम्मकुनै किसिमको खरिद कारवाहीमा सहभागी हुने पाउने छैन । |
| **३०. निर्माण कार्य ( ठेक्का) प्रदान गरिएको सूचना प्रकाशन (Publication of contract award notice)** | ३०.१ सार्वजनिक निकायले खरिद सम्झौता भएको मितिले तीन दिनभित्र निम्न लिखित जानकारी सहित निर्माण कार्यको सम्झौताको सूचना आफ्नो सूचना पाटीमा प्रकाशित गर्नुको साथै जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउनुपर्नेछ । यस्तो सूचना आफ्नो र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईटमा पनि प्रकाशन गर्नु पर्नेछ ।<br>(क) खरिदको नाम<br>(ख) खरिद सूचना संख्या<br>(ग) खरिद सूचना प्रकाशित भएको खवरपत्रिकाको नाम र मिति<br>(घ) सफल दरभाउपत्रदाताको नाम र सम्झौता रकम<br>३०.२ दरभाउपत्रदातालाई निर्देशनको दफा २९.१ अनुसार कुनै असफल दरभाउपत्रदाताले खरिद सम्झौताको सूचना प्रकाशन गरिएको मितिले तीस दिन भित्र लिखित रुपमा दरभाउपत्र छनौट नहुनुको कारण माग गरेमा खरिदकर्ताले त्यस्तो मागलाई यथाशिघ्र लिखित रुपमासम्वोधन गर्नु पर्नेछ । |

| | |
|---|---|
| **३१. सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान (Provision of PPA and PPR)** | ३१.१ यस कागजातमा उल्लेख भएका कुनै पनि प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय भएको मानिनेछ र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधानहरु लागू हुनेछन् । |

## खण्ड ३. दरभाउपत्र सम्बन्धी विवरण (बिड डाटासिट)

| | |
|---|---|
| **दरभाउपत्रदातालाई निर्देशन ITB -१** | निर्माण कार्यको क्षेत्र(Scope):<br>सिलबन्दी दरभाउपत्र आह्वानको संख्या : १<br>खरिदकर्ता : जिरी प्राविधिक शिक्षालय<br>आयोजनाको नाम : सिमा पर्खाल निर्माण |
| **दरभाउपत्रदातालाई निर्देशन ITB -११** | दरभाउपत्रको मान्य अवधि ४५ (पैतालिस) दिन हुनेछ । |
| **दरभाउपत्रदातालाई निर्देशन -१२.१** | दरभाउपत्रदाताले क वर्गको वाणिज्य बैकंबाट जारी भई कम्तिमा रु. ३१,३३६।११ (लागत अनुमानको तीन प्रतिशत रकम खुलाउनुहोस) को दरभाउपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको दरभाउपत्रजमानत पेश गर्नुपर्नेछ । |
| **दरभाउपत्रदातालाई निर्देशन -१२.२ (ख)** | दरभाउपत्र जमानतको लागि नगद जम्मा गर्ने खाताको विवरण:<br>बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक<br>बैंकको ठेगाना : चरिकोट, दोलखा<br>खातावालाको नाम : जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा<br>खाता नम्बर : १६१०००००५३९०१ |
| **दरभाउपत्रदातालाई निर्देशन - १४.१** | दरभाउपत्रदाताले विद्युतीय माध्यमबाट दरभाउपत्र पेश गर्ने**छैन** (सक्ने वा नसक्ने उल्लेख गर्नु होस) । दरभाउपत्र दाखिला गर्ने कार्यविधि देहाय बमोजिम हुनेछः (यदि विद्युतीय दरभाउपत्र दाखिला गर्न सक्ने हो भने विद्युतीय दरभाउपत्र दाखिला गर्ने प्रक्रिया उल्लेख गर्नुहोस्)<br>क) दरभाउपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएकोविद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ माउल्लिखित प्रक्रिया अनुरुप विद्युतीय खरिद प्रणालीमा आफूलाइ दर्ता गराउनु पर्नेछ ।<br>ख) ईच्छुक दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात ***दरभाउपत्र सम्बन्धी विवरण (विड डाटा सिट)***मा तोकिएको खरिदकर्ताकोकार्यालयबाट खरिद गर्न अथवा विद्युतीय खरिद प्रणाली (e-GP)बाट डाउनलोड गर्न सक्नेछन् ।<br>ग) दर्ता भएका दरभाउपत्रदाताले दरभाउपत्र तयारीको लागि आवश्यक पर्ने सम्पूर्ण विवरणहरु अद्यावधिक गर्नु पर्नेछ ।<br>घ) विद्युतीय दरभाउपत्र पेश गर्दा दरभाउपत्र सम्बन्धी कागजातको लाग्ने दस्तुर दरभाउपत्रआव्हानको सूचनामा उल्लेख भएको खातामा बैंक दाखिला गरेको भौचर पिडिएफ फरम्याटमा स्क्यान गरी विद्युतीय दरभाउपत्रसँगै पेश गर्नु पर्नेछ । |

ङ) खरिदकर्ताले दरभाउपत्र सम्बन्धी कागजातमा उपलब्ध गराएका फाराम र फरम्याटमा दरभाउपत्रदाताले आफूले प्रणालीमा अद्यावधिक गरी राखेको प्रोफाइलमारहेको तथ्यांक विवरणहरुको आधारमा दरभाउपत्र तयार गर्न सक्नेछन । दरभाउपत्रदाताले एकल वा संयुक्त उपक्रमकोरुपमा दरभाउपत्र पेश गर्न सक्नेछन् । संयुक्त उपक्रमकोरुपमा पेशगर्ने दरभाउपत्रदाताले प्रणाली दर्ता प्रक्रियाबाट प्राप्त साझेदारहरुको दरभाउपत्रसंकेत नं (Bolpatra ID) राखी संयुक्त उपक्रमको सम्झौताको कागजातका अपलोड गर्नुपर्नेछ ।

च) दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्दा आवश्यक पर्ने आफ्नो (संयुक्त उपक्रमको हकमा सबै साझेदारको)सम्पूर्ण विवरण एवं सूचनाहरु प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ ।

छ) संयुक्त उपक्रमकारुपमा दरभाउपत्रपेशगरिएमा साझेदारको सहमतिको लागि प्रणालीबाट रजिष्टर भएको ईमेल ठेगानामा पुष्टिकरण लिंक(Confirmation link) पठाइनेछ । सो लिंकमा क्लिक गरी साझेदारहरुले दरभाउपत्र पेश गर्ने सहमति दिनुपर्नेछ ।

निम्नलिखित फाराम तथा दस्तावेजहरु प्राविधिक दरभाउपत्रको अङ्ग हुनेछन् ।

| संख्या | दस्तावेजहरु | आवश्यकता | कैफियत |
|---|---|---|---|
| १ | दरभाउपत्र पेश गरेको पत्र | अनिवार्य | पीडीएफ |
| २ | दरभाउपत्र जमानत/बैंक जमानत | अनिवार्य | पीडीएफ |
| ३ | कम्पनी दर्ता प्रमाणपत्र | अनिवार्य | पीडीएफ |
| ४ | मू.अ.क. दर्ता प्रमाणपत्र | अनिवार्य | पीडीएफ |
| ५ | आ.व.०७४।७५ सम्मको कर चुक्ता प्रमाण पत्र वा कर विवरण पेश भएको निस्सा | अनिवार्य | पीडीएफ |
| ६ | दरभाउपत्रमा दस्तखत गर्ने अख्तियारनामा | अनिवार्य | पीडीएफ |
| ७ | मूल्य अंकित मूल्य परिमाण सूची | अनिवार्य | पीडीएफ |
| ८ | दरभाउपत्र कागजातको मूल्यको बैक भौचर | अनिवार्य | पीडीएफ |
| ९ | संयुक्त उपक्रम सम्झौता | अनिवार्य (साझेदारीबाट दरभाउपत्र पेश हुने भएमा ) | पीडीएफ |
| १० | बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारका अन्य कागजातहरु | माग गरेको भए | पीडीएफ |

पुनश्चः अनिवार्य भनी उल्लेख गरिएका सबै कागजातहरु विद्युतीय दरभाउपत्रमा समावेश भएको हुनुपर्नेछ ।

ज) दरभाउपत्रदाताले आवश्यक सम्पूर्ण विवरणहरु प्रविष्ट गरिसकेपछि विद्युतीय खरिद प्रणालीले पेश गर्ने दरभाउपत्र सिर्जना गर्नेछ । उक्त दरभाउपत्रदाखिला गर्नुअघि डाउनलोड गरी परीक्षण गर्नुपर्नेछ ।

| | |
|---|---|
| | झ) आधिकारिक प्रयोगकर्ता प्रमाणित गर्न प्रणालीबाट दरभाउपत्रदाताको दर्ता भएको ईमेल ठेगानामा पटकेपासवर्ड (One Time Password-OTP)पठाइनेछ । साथै यस्तो OTPदरभाउपत्रदाताले माग गरेमा प्रणालीमा दर्ता भएको निजको मोवाइल नं. बाटSMS मार्फत समेत प्राप्त गर्न सक्नेछन् । सोपटकेपासवर्ड प्रयोग गरी दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।<br><br>ञ) एक पटक दाखिला भईसकेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न पाइनेछैन ।<br><br>ट) विद्युतीय माध्यमबाट दाखिला भएको दरभाउपत्रपिडिएफ फरम्याटमा पढ्नयोग्य हुनुपर्नेछ ।<br><br>ठ) विद्युतीय माध्यमबाट दरभाउपत्र दाखिला गर्ने प्रक्रियाले पारदर्शिता, भेदभावविहीनता, समान पहुँच र खुल्ला प्रतिस्पर्धालाई प्रोत्साहित गर्दछ । विद्युतीय खरिद प्रणालीले निर्देश गरे बमोजिम यस सुविधाको उपयोग गर्न दरभाउपत्रदाता स्वयम जिम्मेवार हुनेछ । दरभाउपत्रदाताको सुविधा प्रयोग गर्ने असमर्थता प्रति खरिदकर्ता जिम्मेवार हुनेछैन ।<br><br>ड) विद्युतीय खरिद प्रणाली मार्फत दरभाउपत्रदाताले विद्युतीय दरभाउपत्र दाखिला गरिसकेपछि दरभाउपत्र सम्बन्धी कागजात, स्पेशिफिकेशन, नक्सा लगायत सम्झौताका शर्तहरु पूर्णरुपमा अध्ययन तथा निरीक्षणगरी दरभाउपत्र दाखिला गरिएको मानिनेछ । |
| **दरभाउपत्रदातालाई निर्देशन -१५** | सिलबन्दी दरभाउपत्रदाखिला गर्ने अन्तिम मिति, समय र ठेगाना :<br><br>मितिः २०७६।०२।१०<br><br>समयः दिउँसो १२ बजे<br><br>ठेगानाः जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा |
| **दरभाउपत्रदातालाई निर्देशन - १८** | सिलबन्दी दरभाउपत्र खोलिने स्थान, मिति र समयः<br><br>स्थानः जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा<br><br>मितिः २०७६।०२।१०<br><br>समयः दिउँसो २ बजे<br><br>क) विद्युतीय खरिद प्रणालीले सिलबन्दी दरभाउपत्र खोल्न निर्धारित मिति र समय व्यतित भएपछि मात्रैपेश गरिएका विद्युतीय दरभाउपत्र डाउनलोड गर्न दिनेछ । दरभाउपत्र खोल्नको लागिगठित समितिका दुईजना सदस्यहरुलेएकैसाथ लगइन(Login)गरेपछि मात्रै दरभाउपत्र खुल्नेछ ।<br><br>खरिदकर्ताले दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गरे बमोजिमको स्थान, मिति र समयमा सहभागी हुन इच्छुक दरभाउपत्रदाताको रोहवरमा सिलबन्दी दरभाउपत्र खोल्नुपर्नेछ । |

## खण्ड ४. ग्राह्यताका शर्तहरु

## ग्राह्यता सम्बन्धी जानकारी

**ग्राह्यताको लागि आवश्यकताहरु:**

सबै दरभाउपत्रदाताहरुलेग्राह्यताको लागि पूर्व-आवश्यकताको रुपमादेहायका कागजातहरु पेश गर्नुपर्नेछः

(क) फर्म/कम्पनी दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुहोस्)

(ख) व्यवसाय दर्ताको प्रमाणपत्रः (प्रतिलिपि पेश गर्नुहोस्)

(ग) PAN/VATदर्ता प्रमाणपत्रः (प्रतिलिपि पेश गर्नुहोस्)

(घ) आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणपत्र : (प्रतिलिपि पेश गर्नुहोस्)

(ङ) अख्तियारीनामाः (प्रतिलिपि पेश गर्नुहोस्)

(च) दरभाउपत्र फारामः (पेश गर्नुहोस्)

(छ) थप कागजातहरु ( आवश्यक भएमा राख्नुहोस्)

*दरभाउपत्रदातालाई नोटः*

*दरभाउपत्रदाताले यसपछिका पृष्ठहरुमा उपलब्ध गराएका सूचना र जानकारीहरु* ***दरभाउपत्रदातालाई निर्देशनको दफा २*** *बमोजिम दरभाउपत्रको ग्राह्यताको प्रयोजनका लागि उपयोग गरिनेछन् । यी सूचना र जानकारीहरु सम्झौतामा समावेश गरिनेछैन । आवश्यक भएमा थप पृष्ठहरु समावेश गर्न सकिनेछ ।*

## खण्ड ५. दरभाउपत्र फाराम

| |
|---|
| दरभाउपत्रदाताले लेटर प्याडमा आफ्नो पूरा नाम र ठेगाना अनिवार्यरुपमा उल्लेख गरी यो दरभाउपत्र फाराम भर्नपर्नेछ । |

मितिः ........................

बोलपत्रको नामः ......................

दरभाउपत्र आह्वान संख्याः

श्री......................

हामी तपशिलमा दस्तखत गर्ने घोषणा गर्दछौं किः

क.दरभाउपत्र सम्बन्धी कागजात हामीले सम्पूर्ण रुपमा अध्ययन एवं परीक्षण गरेका छौं र यस कागजातप्रति हाम्रो कुनै पनि आग्रह वा पूर्वाग्रह रहेको छैन,

ख.दरभाउपत्र सम्बन्धी कागजातमा लेखिएअनुसार निम्न वमोजिमको निर्माण कार्य गर्न हामी प्रस्तावगर्दछौं,

ग. आइटम घ मा लेखिएको छुट बाहेक हाम्रो कुल कबोल अंक रु ................................ हो,

घ. हामीले प्रदान गरेको छुट र त्यसको कार्यान्वयन प्रक्रिया ...................................................... हुनेछ,

ङ. दरभाउपत्र सम्बन्धी कागजातमा लेखिए बमोजिम हाम्रो दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम दिनबाट ४५ दिनको हुनेछ । योहामीलाई बाध्यकारी हुनेछ, र यो मान्य अवधि समाप्त हुनुअघिसम्मकुनै पनि समयमा स्वीकार गर्न सकिनेछ,

च. हाम्रो दरभाउपत्र स्वीकृत भएको अवस्थामा दरभाउपत्र सम्बन्धी कागजातमा लेखिए अनुसार कार्य सम्पादन जमानत पेश गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं,

छ. औपचारिक सम्झौताको तयारी तथा कार्यान्वयन नभएसम्म यो दरभाउपत्र लगायत त्यस कार्यालयबाट दरभाउपत्र स्वीकृति भएको सूचना हामीबीचको बन्धनकारी सम्झौता सरह हुनेछन् भन्ने कुरा हामीलाई जानकारी छ,

ज. हामी कालोसूचीमा परेका छैनौं र प्रस्तावित खरिद कारवाहीमा हाम्रो कुनै स्वार्थ बाझिएको छैन र हामीले सम्बन्धित पेशागत वा व्यवसायिक कसूरमा कुनै सजाय पनि पाएका छैनौं भनी स्वघोषणा गर्दछौं,

झ. त्यस कार्यालय न्यूनतम मूल्यांकित वा त्यस कार्यालयमा पेश हुन आएका अरु कुनै दरभाउपत्र स्वीकार गर्न बाध्य छैन भन्ने कुरा हामीलाई राम्रोसँग थाहा छ

ञ. हामीसँग खरिद सम्झौताको अवस्थामा निम्न लिखित व्यक्तिले हाम्रो प्रतिनिधिको रुपमा कार्य गर्नेछ,

ट. खरिदकर्ता/दातृ पक्ष(विकास साझेदार) वा तिनका प्रतिनिधिहरुले पेश भएको दरभाउपत्रसँग सम्बन्धित हाम्रो लेखा, अभिलेख तथा अन्य कागजातहरु अवलोकन गर्न र खरिदकर्ताद्धारा नियुक्त लेखापरीक्षक मार्फत लेखा परीक्षण गराउन चाहेमा अनुमति दिन हामी मञ्जुर छौं ।

नामः.............................................
पदः.............................................
दस्तखतः.............................
बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्ति....
मितिः .......................................

दरभाउपत्रजमानत

**बैंक जमानत**

***दरभाउपत्रजमानत जारी गर्ने बैंकको नाम र कार्यालय वा शाखाको ठेगाना***

***(नेपाल राष्ट्र बैंकबाट 'क' श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकले आफ्नो लेटरप्याडमा यो नमूना अनुसारको दरभाउपत्रजमानत जारी गर्नुपर्नेछ ।)***

लाभग्राही: *(खरिदकर्ताको नाम र ठेगाना)*

मिति:

दरभाउपत्रजमानत नं:

श्री ................ *(दरभाउपत्रदाताको नाम लेख्नुहोस्)* (यसपछि "दरभाउपत्रदाता" भनिनेछ) ले ..... *( सम्झौताको नाम)* कार्यान्वयन गर्न दरभाउपत्र आह्वानको सूचना नं .... अनुसार त्यस कार्यालयमा आफ्नो तर्फबाट दरभाउपत्र(यसपछि "दरभाउपत्र" भनिनेछ) पेश गर्ने आशयबारे जानकारी गराउनुभयो ।

दरभाउपत्रसम्बन्धी शर्त बमोजिम दरभाउपत्रदाताले पेश गर्ने दरभाउपत्रसाथ दरभाउपत्रजमानत पनि पेश गर्न अनिवार्य रहेको व्यहोरा हामीले थाहा पायौं ।

दरभाउपत्रदाताले हामीलाई अनुरोध गरेकोले हामी ..............*(बैंकको नाम)* तपाईंसमक्ष जम्मा रकम ........................................*(रकम अङ्कमा र अक्षरमा)* मा नबढ्ने गरी, दरभाउपत्रदाताले दरभाउपत्रको शर्त अनुसारको निम्न दायित्व उल्लङ्घन गरेको व्यहोरा खुलाई यस बैंक समक्ष दरभाउपत्रजमानत वापतको रकम भुक्तानी दिन लिखित रुपमा माग गर्नुभएमा तपाईंको पहिलो लिखित माग आउनासाथनिःशर्त भुक्तानी दिनेछौं:

(क) दरभाउपत्रदाताले दरभाउपत्रफाराममा उल्लेख गरेको मान्य अवधिभित्र दरभाउपत्रफिर्ता लिएमा वा संशोधन गरेमा वा

(ख) **दरभाउपत्रदातालाई निर्देशनमा** उल्लेख भए बमोजिम सच्याईएको त्रुटि स्वीकार नगरेमा; वा

(ग) दरभाउपत्रमान्य हुने अवधिभित्रै दरभाउपत्रदाताको दरभाउपत्रस्वीकृत गरेको सूचना दिएपछि: (१) खरिद सम्झौता गर्न असफल भएमा वा अस्वीकार गरेमा, वा (२) **दरभाउपत्रदातालाई निर्देशनमा** उल्लेख भए बमोजिम कार्यसम्पादन जमानत पेश गर्न असफल भएमा वा अस्वीकार गरेमा ।

(घ) **दरभाउपत्रदातालाई निर्देशनमा** उल्लेख भए बमोजिम जालसाजी र भ्रष्टाचारमा संलग्न भएमा ।

यो जमानत **दरभाउपत्रदातालाई निर्देशनमा** उल्लेख भएको दरभाउपत्रपेश गर्ने अन्तिम मितिपछि..... (दिन उल्लेख गर्नुहोस्) दिन सम्मका लागि बहाल रहनेछ । दरभाउपत्रपेश गर्ने अन्तिम मिति खरिदकर्ताले बढाएको अवस्थामा यो जमानत सोही अनुसारको थप अबधिसम्म बहाल रहनेछ र त्यस्तो अवस्थामादरभाउपत्रपेश गर्ने अन्तिम मिति खरिदकर्ताले बढाएको जानकारी बैंकले प्राप्त गरिराख्नु पर्नेछैन । यस जमानत वापतको रकम भुक्तानीको माग माथि उल्लेख गरिएको मितिभित्रै बैंकले प्राप्त गरिसकेको हुनुपर्नेछ ।

तपाँईको तर्फबाट सूचना नपाएसम्मदरभाउपत्रदाताले जमानत पत्रको सक्कल पेश गरेको कारणले मात्र यो बैंक ग्यारेण्टी फुकुवा गरिनेछैन ।

यो जमानत अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्शको युनिफर्म रुल फर डिमाण्ड ग्यारेण्टी प्रकाशन नं ७५८ को नियमको अधिनस्थ हुनेछ ।

***....बैंकको आधिकारिक व्यक्तिको सही तथा छाप...***

द्रष्टव्य:

रुपैयाँ ... को यस बैंक जमानतलाई ..... बैंकले मिति ... मा प्रति प्रत्याभूति गरिदिएकोछ (विदेशी बैंकबाट जारी भएको दरभाउपत्रजमानतको लागि) ।

## खण्ड ६. निर्माण सम्वन्धी आवश्यकता

यस खण्डमा प्रस्तावित निर्माण कार्यको स्पेसिफिकेशन तथा ड्रईङ्ग समावेश गरिएकोछ ।

## कार्यक्षेत्र(Scope)

(जिरी प्राविधिक शिक्षालयको पूर्व तल्लो गेटबाट माथिल्लो गेटसम्मको सिमा पर्खाल तथा तारबार निर्माण कार्य Drawing, BoQ तथा Site engineer को निर्देशनमा गर्ने)

### स्पेशिफिकेशन

**BOQ मा उल्लेख भए अनुसार तथा standard specification लागू हुनेछ ।**

### ड्रईङ्ग (नक्शा)

**(संलग्न अनुसार)**

## खण्ड ७. मूल्य परिमाण सूची (बिल अफ क्वान्टिटी)[२]

### मूल्य परिमाण सूचीको प्रस्तावना

**क. सामान्य**

१. **मूल्य परिमाण सूची**लाई दरभाउपत्रलाई निर्देशन, करारका सामान्य र विशेष शर्तहरु, प्राविधिक स्पेशिफिकेशन र नक्साको साथमा पढिनुपर्दछ ।

२. मूल्य परिमाण सूचीमा दिइने परिमाणहरु अनुमानित र अस्थायी हुन् र दरभाउपत्र दाखिला गर्नको लागि सवै दरभाउपत्रको दरभाउपत्रलाई समान आधार प्राप्त हुन सकोस् भन्ने उद्देश्यले दिइएका हुन् । कार्यादेशमा उल्लेख भई वास्तविक रुपमा सम्पादन गरिएको तथा दरभाउपत्रदाताले नाप जाँच गरी आयोजना प्रमुखले प्रभाणित गरेको तथा मूल्य अंकित परिमाणसूची (Priced BOQ) मा अंकित दररेट अनुसार कायम गरिएको कामको आधारमा मात्रै भुक्तानी गरिनेछ । अन्यथा आयोजना प्रमुखले करारका शर्तहरुको अधीनमा रही तोकिदिएको दरमा मूल्यांकन गरी भुक्तानी गर्नुपर्नेछ ।

३. कुनै आइटम नापजाँच निर्माण कार्य शुरु हुनुपूर्व वा निर्माण कार्य चालु रहेकै अवस्थाको अभिलेखमा आधारित हुने भएमा त्यस्तो अभिलेख इन्जिनियर र निर्माण व्यवसायीले संयुक्त रुपमा तयार पारी सहमति जनाएको हुनुपर्छ । इन्जिनियरको पूर्व सहमति विनै निर्माण व्यवसायीले काम सम्पादन गरेको अवस्थामा इन्जिनियरले निर्माण व्यवसायीलाई सम्पादित कामको अवस्था र परिमाणको बारेमा जाँच गर्न लगाउन सक्नेछ र त्यस्तो कामको भुक्तानी सम्पूर्ण रुपमा इन्जिनियरको स्वविवेकमा हुनेछ । यसरी जाँच गराउनु पर्दाको सम्पूर्ण खर्च निर्माण व्यवसायीले नै व्यहोर्नुपर्नेछ ।

४. करारमा अन्यथा उल्लेख भएकोमा बाहेक मूल्य परिमाण सूचीमा भरिएको दरमा निर्माण उपकरण, श्रमिक, सुपरभिजन, सामग्री, उत्थापन (Erection), मर्मत, बिमा, नाफा, कर, भन्सार लगायत सबै प्रकारका जोखिम, दायित्व र करार अनुसारका प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायित्वहरु समेत समावेश भएको हुनुपर्नेछ ।

५. मूल्य परिमाण सूचीमा रहेका सबै आइटमहरुमा परिमाण खुलाएको वा नखुलाएको भएतापनि दर भर्नुपर्नेछ । निर्माण व्यवसायीले कुनै आइटमको दर उल्लेख नगरेको वा छुटाएको अवस्थामा त्यस्तो आइटमको मूल्य मूल्य परिमाण सूचीमा रहेका अरुआइटमको मूल्य वा दरमा समावेश भएको मानिनेछ ।

६. करारमा भएका व्यवस्थाहरु पालना गर्नआवश्यक सम्पूर्ण खर्च मूल्य परिमाण सूचीमा रहेका आइटमहरुमा समावेश भएको हुनुपर्नेछ र कुनै आइटम मूल्य परिमाण सूची मा नरहेको अवस्थामा त्यस्तो आइटमको खर्च मूल्य परिमाण सूची मा रहेको समान प्रकृतिका कामहरुको दरमा समावेश भएको मानिनेछ ।

७. सामान्य निर्देशन तथा काम र सामग्रीको विवरण दोहोऱ्याउन र तिनीहरुको सारांशमूल्य परिमाण सूचीमा राखिरहनु आवश्यक हुनेछैन । मूल्य परिमाण सूचीमा दर वा मूल्य भर्दा करार सम्बन्धी कागजातका सम्बन्धित खण्डहरुलाई समेत आधार मान्नुपर्नेछ । दरभाउपत्रदाताको सुविधाको लागि मात्रै स्पेशिफिकेशनका दफाहरुलाई मूल्य परिमाण सूचीमा इङ्गित गरिएको हो । तिनीहरुले सामान्यतयाः मूल स्पेशिफिकेशनको सम्बन्धित दफालाई नै सन्दर्भित तुल्याउँछन । सन्दर्भस्वरुप दफा उल्लेख भएकै कारण सम्पूर्ण शर्त तथा आवश्यकताहरु यहाँ प्रतिविम्वित नहुन पनि सक्छन् । कुनै खास दफालाई इङ्गित गरेको आधारमा दरभाउपत्रदाताको काम सम्पन्न गर्नु पर्ने उत्तरदायित्वलाई कुनै प्रकारले सिमित पार्नेछैन ।

८. मूल्य परिमाण सूचीमा राखिएको प्रोभिजनल रकम करारका शर्तहरुको अधीनमा रही आयोजना प्रमुखको निर्देशन र स्वविवेकमा पूर्ण वा आंशिक खर्च गर्न सकिनेछ ।

९. सम्पन्न भएको कामको भुक्तानीको निमित्त नाप्ने/गणना गर्ने विधि स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. मूल्य परिमाण सूचीमा प्रयोग गरिएका संक्षिप्ताक्षर (Abbreviation) र संकेतहरु तल उल्लेख भए वमाजिम हुनेछन्:

*(चाहिने जति लेख्नुहोस्)*

## ख. दैनिक कार्यसूची

(क) सामान्य

१. प्रोजेक्ट मेनेजरको लिखित आदेश विना दैनिक कामको आधार (Daily Work Basis) मा कुनै काम गर्नुहुँदैन । दरभाउपत्रले दैनिक कार्यसूचीको आइटमहरुको आधार मूल्य वा दर सम्बन्धित सूचीमा भर्नुपर्दछ । आयोजना प्रमुख (प्रोजेक्ट मेनेजर) को आदेश अनुसार गरिने दैनिक कामको लागि यही दर लागू हुनेछ । दैनिक कार्य सूचीमा रहेको प्रत्येक आइटमको सांकेतिक परिमाण उल्लेख गरिएको हुन्छ र दैनिक कार्यसूचीमा रहेका आइटमहरुको विस्तारित जम्मा अस्थायी (प्रोभिजिनल) रकमको रुपमा कबोल अङ्कको सारांशको जम्मा जोडमा समावेश गरिनुपर्दछ । अन्यथा उल्लेख भएकोमा बाहेक करारका शर्तहरुको अधीनमा रही दैनिक रुपमा सम्पादित कामको भुक्तानीमा मूल्य समायोजनको व्यवस्था लागू हुनेछ ।

### (ख) दैनिक काम गर्ने श्रमिक

१. दैनिक काम गर्नेश्रमिकको काम वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्दा साईटमा आएको र उसले काम सकेर गएको आधारमा काम गरेको घण्टा निकाल्नु पर्दछ । यसरी काम गरेको घण्टा निकाल्दा खाजा खान र आराम गर्न उसले लिएको विश्रामको अवधिलाई जोड्नुहुँदैन । आयोजना प्रमुख (प्रोजेक्ट मेनेजर) ले गर्न आदेश दिएको काममा प्रत्यक्ष संलग्न कामदारले गरेको कामको मात्र नाप निकाल्नु वा गणना गर्नुपर्दछ । समूहमा रही प्रभारी (gangers or charge hands) ले गरेको खास कामको पनि गणना गर्नुपर्नेछ तर फोरमेन लगायत अरु सुपरीवेक्षण कर्मचारीको समय भने गणना गर्न पाइने छैन ।

२. दैनिक कार्यसूची अन्तर्गतको काम गर्नेश्रमिकहरुले गरेको कामको समयको भुक्तानी निर्माण व्यवसायीले पाउँछ र भुक्तानी दिंदा **"दैनिक कार्य सूचीको दर: १. श्रमिक"** मा भरेको दर अनुसार गरिनेछ । श्रमिकको दरमा निर्माण व्यवसायीको (१) श्रमिकहरुको ज्याला, यातायात, ओभरटाईम भत्ताहरु (२) नेपालको कानून अनुसार श्रमिकहरुले पाउने सबै सामाजिक सुरक्षाहरु (३) निर्माण व्यवसायीको नाफा, शिरोभार, अधीक्षण(superintendent), दायित्व र बिमा (४) अन्य आनुषाङ्गिक खर्चहरु लगायतका सबै खर्चहरु समावेश भएको मानिनेछ ।

### (ग) दैनिक कार्य तालिका अन्तर्गतको काम गर्ने उपकरण

१. दैनिक कार्यसूचीअन्तर्गतको काम गर्नको लागि उपयोग गरिएको उपकरण वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्दा साईटमा रही काम गरेको दिनको लागि निर्माण व्यवसायीले **"दैनिक कार्यसूचीको दर: २. उपकरण"** मा भरेको दर अनुसार गरिनेछ । उक्त दरमा निर्माण व्यवसायीले ह्रासकट्टी, व्याज, क्षतिपूर्ति र बिमा, सुधार, मर्मत, आपूर्ति, इन्धन, लुब्रिकेन्ट र अरु उपभोग्य सामग्रीहरु र यस प्रकारको उपकरण प्रयोग गर्दाको सबै शिरोभार, नाफा र प्रशासनिक खर्चहरु समावेश भएको मानिनेछ । चालक वा अपरेटर र सहायक समेतको खर्च उपकरणको दरमा समावेश भएको मानिनेछ र सो वापत छुट्टै रकम भुक्तानी गरिनेछैन ।

२. दैनिक कार्यसूची अन्तर्गतको कामको लागि उपयोग भएको निर्माण-प्लान्ट वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्दा, वास्तविक रुपमा उपयोग भएको समयको लागि मात्र भुक्तानी गर्नुपर्दछ । तथापि दैनिक कार्यसूची अनुसारको कार्यसम्पादनको लागि आयोजना प्रमुखको सहमतिमा उपयुक्तता अनुसार निर्माण प्लाण्टलाई सम्वन्धित साइटको एक स्थानबाट अर्को स्थानसम्म लैजाँदा र पुनः साविककै स्थानमा फर्काउँदाको खर्च समेत भुक्तानीमा समावेश गर्न सकिनेछ ।

**(घ) दैनिक कार्यसूची अन्तर्गतको सामग्री**

१. दैनिक कार्यसूची अन्तर्गतको काम गर्नको लागि उपयोग गरिएको सामग्री (श्रमिकको मूल्यमा निश्चित प्रतिशत थप गरी यसपछि वर्णन गरिए अनुसार समावेश गर्ने अवस्थामा बाहेक) वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्दा **"दैनिक कार्य सूचीको दरः ३. सामग्री**" मा भरेको दर अनुसार गरिनेछ । उक्त दरमा निर्माण व्यवसायीले शिरोभार खर्च र नाफा पनि निम्नानुसार समावेश गरिसकेको मानिनेछः

(१) विजक अनुसारको मूल्य, परिवहन, बिमा, संचालन खर्च (Handling expense), क्षति, हानि आदि र साइटमा भण्डारणको लागि स्टोरमा डेलिभरी दिनेसम्मको खर्चको आधारमा सामग्रीको दर गणना गर्नुपर्दछ ।

(२) दैनिक कार्यसूची अन्तर्गतको काम गर्नको लागि साइटमा सामग्री भण्डारण गरिएको स्थान वा स्टोरबाट सो सामग्री प्रयोग गरिने स्थानसम्म लैजानको लागि लाग्ने खर्च पनि सोही दरमा समावेश गर्नुपर्नेछ ।

**अस्थायी (प्रोभिजनल) रकम**

कार्यसम्पादनको सिलसिलामा कामको परिमाणमा वृद्धि हुनसक्ने जस्ता भौतिक सम्भावनाहरु (Physical Contingency) को लागि आवश्यक हुन आउने रकमको सामान्य व्यवस्था अस्थायी (प्रोभिजनल) रकमको रुपमा मूल्य परिमाण सूचीको सारांशमा समावेश गरी गर्न कनेछ । यसैगरी मूल्य वृद्धिको लागि पनि भैपरी (कन्टिन्जेन्सी) रकम अस्थायी (प्रोभिजनल) रकमको रुपमा व्यवस्था गर्न सकिनेछ । यसबाट बजेटको स्वीकृतिमा सघाउ पुग्दछ र काम परेको बेलामा मात्र स्वीकृति लिनु पर्ने स्थितिलाई पनि अन्त गर्दछ । यस प्रकार भैपरी (कन्टिन्जेन्सी) आउने रकम वा अस्थायी (प्रोभिजनल) रकमको व्यवस्था गरिएकोमा त्यस्तो रकम खर्च गर्ने तरिका र सो खर्च गर्न अधिकार प्राप्त व्यक्तिको पनि किटान करारका विशेष शर्तहरुमा गर्नुपर्दछ । सामान्यतयाः प्रोजेक्ट मेनेजरले यस्तो रकम खर्च गर्ने अधिकार पाएको हुन्छ ।

अरु निर्माण व्यवसायी/व्यवसायीद्धारा विशिष्ट प्रकृतिको काम गराउन वाविशिष्ट प्रकृतिको मालसामान आपूर्ति गराउनको लागि निकालिएको अनुमानित खर्चलाई मूल्य परिमाण सूचीको सम्बन्धित स्थानमा विशेष अस्थायी (प्रोभिजनल) रकमको रुपमा संक्षिप्त विवरण सहित राख्नुपर्दछ । त्यस्तो विशिष्ट काम गर्ने वा मालसामान आपूर्ति गर्ने निर्माण व्यवसायी/व्यवसायीको छनौटको लागिखरिदकर्ताले सामान्यतयाः छुट्टै खरिद प्रकिया अपनाउने गर्दछ । सफल दरभाउपत्रदाताले,मुख्य निर्माण व्यवसायीको नातालेदरभाउपत्रदाताहरुको बीचमा प्रतिस्पर्धा गराउन विशिष्ट निर्माण व्यवसायी/व्यवसायीको उपयोग वा सुविधाको लागि उपलब्ध गराउनुपर्ने कुनै सुविधा, साधन, उपस्थिति आदिसँग सम्बन्धित अस्थायी (प्रोभिजिनल) रकम त्यस्तो सुविधा, साधन, उपस्थितिको लागि दरभाउपत्रदाताको दररेट भर्नको लागि मूल्य परिमाण सूचीमा रहेका आइटमहरुको पछि राखिनुपर्दछ ।

## मूल्य परिमाण सूची तालिका

(मूल्य परिमाण सूची राख्नुहोस्)

| सि.नं | स्पेशिफिकेशन कोड नं. | आईटमको नाम | इकाई | परिमाण | इकाई दर रु | | जम्मा रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | जम्मा | |
| | | | | | | मूल्य अभिवृद्धि कर | |
| | | | | | | कुल जम्मा | |

## खण्ड ८. करारका सामान्य शर्तहरू

| १. सामान्य प्रावधानहरु | |
|---|---|
| १.१ परिभाषा | विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस करारमा निम्नलिखित शब्द र कथनको अर्थ तल उल्लेख गरिए अनुसार हुनेछ: |
| करार | १.१.१ "करार" भन्नाले खरिदकर्ता र निर्माण व्यवसायीबिच भएको सम्झौता र करारका विशेष शर्तहरुमा उल्लेख गरिएका अन्य कागजातहरु भन्ने बुझ्नुपर्दछ ।<br>१.१.२ "स्पेशिफिकेशन" भन्नाले करारका विशेष शर्तहरुमा उल्लेख गरिए बमोजिमको कागजात र सोमा कुनै परिवर्तन भए त्यस्तो परिवर्तन समेत भन्ने बुझ्नुपर्दछ ।<br>१.१.३ "ड्रईङ्ग" भन्नाले करारका बिशेष शर्तहरुमा उल्लेख गरिए बमोजिमको खरिदकर्ताले उपलव्ध गराएको ड्रईङ्ग र त्यस्तो ड्रईङ्गमा कुनै परिवर्तन भए त्यस्तो परिवर्तन समेत भन्ने बुझ्नुपर्दछ ।<br>१.१.४ "मूल्य परिमाण सूची (मूल्य परिमाण सूची )" भन्नाले दररेट सहित भरिएको र दरभाउपत्रको अंगको रुपमा रहेको मूल्य र परिमाणको विवरण भन्ने बुझ्नुपर्दछ ।<br>१.१.५ "दरभाउपत्र" भन्नाले निर्माण व्यवसायीले ठेक्का स्वीकृतिको पत्रद्धारा खरिदकर्ताले स्वीकार गरेको करारमा व्यवस्था भए बमोजिम निर्माण कार्य सम्पन्न गर्न र सो मा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सुधार गर्नको लागि समेत खरिदकर्ता समक्ष पेश गरेको रकम सहितको प्रस्ताव भन्ने बुझ्नुपर्दछ ।<br>१.१.६ "ठेक्का (निर्माणकार्य) स्वीकृतिको पत्र" भन्नाले खरिदकर्ताले औपचारिकरुपमा दरभाउपत्र स्वीकार गरेको भन्ने बुझ्नुपर्दछ । |
| व्यक्ति | १.१.७"खरिदकर्ता" भन्नाले करार सम्झौतामा नाम उल्लेख गरिएको व्यक्ति र उसको कानूनी हकवाला भन्ने बुझ्नुपर्दछ तर यो शव्दले (निर्माण व्यवसायीको सहमति लिइएको अवस्थामा बाहेक) खरिदकर्ताले मुकरर गरेको व्यक्तिलाई भन्ने जनाउने छैन ।<br>१.१.८ "निर्माण व्यवसायी" भन्नाले सम्झौतामा नाम उल्लेख गरिएको व्यक्ति र उसको कानूनी हकवाला भन्ने बुझ्नुपर्दछ । तर यो शव्दले (खरिदकर्ताको सहमति लिइएको अवस्थामा बाहेक) निर्माण व्यवसायीले मुकरर गरेको व्यक्तिलाई भने जनाउने छैन ।<br>१.१.९ "पक्ष" भन्नाले खरिदकर्ता वा निर्माण व्यवसायी भन्ने बुझ्नुपर्दछ । |
| मिति, समय र अवधि | १.१.१० "काम शुरु गर्ने समय" भन्नाले करार सम्झौता लागु हुने मितिभन्दा पछि हुनेगरी करारका विशेष शर्तहरुमा उल्लेख गरिएको वा पक्षहरुले आपसमा सहमतिमा तय गरेको मिति सम्झनुपर्छ ।<br>१.१.११ "दिन" भन्नाले पात्रोमा उल्लेख भएको दिन सम्झनुपर्छ ।<br>१.१.१२ "काम सम्पन्न गर्ने समय" भन्नाले करारका विशेष शर्तहरुमा उल्लेख गरिएको काम सक्नुपर्ने अवधि (वा उपदफा ६.३ बमोजिम थप गरिएको समय) भन्ने बुझ्नुपर्दछ । यो समय काम शुरु गर्ने समयको आधारमा हिसाब गरी तय गरिन्छ । |
| रकम र भुक्तानी | १.१.१३ "लागत" भन्नाले नाफा बाहेक शिरोभार खर्च र यस्तै प्रकृतिका अन्य खर्चहरु समेत समेटी निर्माण व्यवसायीले साईटमा वा साईटभन्दा बाहिर उपयुक्त तवरले गरेको (वा |

| | |
|---|---|
| | गर्ने) सम्पूर्ण खर्चहरु भन्ने बुझ्नुपर्दछ ।<br>१.१.१४ "सम्झौता मूल्य" भन्नाले निर्माणकार्य (ठेक्का) स्वीकृतिको पत्रमा उल्लेख भए अनुसार निर्माण व्यवसायीलाई भुक्तानी गर्नु पर्ने रकम र भेरिएशन आदेशको कारण र कार्यसम्पन्न भएपछि सो मूल्यमा हुन आउने कुनै पनि प्रकारको समायोजन तथा करार सम्झौतामा व्यवस्था भए बमोजिम कुनै त्रुटि सच्याईएको कारण समायोजन हुन आउने रकम भन्ने सम्झनुपर्छ ।<br>१.१.१५ "रिटेन्सन रकम" उपदफा १०.३ अनुसार खरिदकर्ताले रिटेन्सनको रुपमा जम्मा गरी राखेको सम्पूर्ण रकम समेत सम्झनुपर्छ । |
| अन्य परिभाषाहरु | १.१.१६ "निर्माण व्यवसायीको उपकरण" भन्नाले सामग्री र प्लान्ट बाहेकका अन्य सबै प्रकारका पार्टस, मेशिनरी, गाडी, सुविधा र काम सम्पन्न गर्नको लागि आवश्यक पर्ने अन्य सामग्रीहरु समेत सम्झनुपर्छ ।<br>१.१.१७"देश" भन्नाले नेपाल सम्झनुपर्छ ।<br>१.१.१८ "खरिदकर्ताको दायित्व" भन्नाले करारका सामान्य शर्तको उपदफा ५.१ मा तोकिएका कुराहरु भन्ने सम्झनुपर्छ ।<br>१.१.१९ "सामग्रीहरु" भन्नाले स्थायी निर्माण कार्यको हिस्सा बनेको वा बन्ने (प्लाण्ट बाहेक) सबै प्रकारका सामग्रीहरु भन्ने सम्झनुपर्छ ।<br>१.१.२० "प्लाण्ट" भन्नाले स्थायी निर्माण कार्यको हिस्सा बनेको वा बन्ने मेशिन वा पार्टसहरु भन्ने सम्झनुपर्छ ।<br>१.१.२१ "निर्माणस्थल" भन्नाले खरिदकर्ताले उपलब्ध गराएको निर्माण कार्य हुने स्थान र निर्माणस्थलको हिस्सा हुनेगरी करारमा उल्लेख भएको अन्य कुनै स्थान समेत सम्झनुपर्छ ।<br>१.१.२२ "भेरिएशन" भन्नाले पूर्वानुमान गर्न नसकिएको कारणवाट करारका सामान्य शर्तको उपदफा ९.१ बमोजिम निर्माण कार्य शुरु भएपछिखरिदकर्ता/ईन्जिनियरले निर्देशन दिएको कारण गरिएको वा गर्नुपर्ने परिवर्तन भन्ने बुझ्नुपर्दछ ।<br>१.१.२३ "निर्माण कार्य" भन्नाले कुनै भेरिएशन वा अस्थायी निर्माण कार्य लगायत निर्माण व्यवसायीले गर्नुपर्ने सम्पूर्ण निर्माण कार्य र डिजाईन (यदि कुनै भए) भन्ने बुझ्नुपर्दछ ।<br>१.१.२४ "स्थायी निर्माण कार्य" भन्नाले करार बमोजिम कार्यान्वयन गर्नुपर्ने (प्लाण्ट सहित) स्थायी प्रकृतिको निर्माण कार्य भन्ने बुझ्नुपर्दछ ।<br>१.१.२५ "अस्थायी निर्माण कार्य" भन्नाले निर्माण कार्य पुरा गर्न वा गर्ने सिलसिलामा र कुनै त्रुटि सच्याउने कार्यमा आवश्यक हुने सबै प्रकारका (निर्माण व्यवसायीको उपकरण बाहेक) अस्थायी निर्माण कार्य भन्ने बुझ्नुपर्दछ । |
| १.२ व्याख्या | व्यक्ति वा पक्ष भन्ने शव्दले फर्म र संस्थाहरुलाई पनि जनाउनेछ । एकवचन जनाउने शव्दले बहुवचन, बहुवचन जनाउने शव्दले एकवचन, पुलिङ्ग जनाउने शव्दले स्त्रीलिङ्ग वा स्त्रीलिङ्ग जनाउने शव्दले पुलिङ्ग भन्ने पनि जनाउनेछ । |
| १.३ कागजातको प्राथमिकता | करार सम्झौतामा समावेश भएका कागजातहरु एक अर्काको पूरकको रुपमा लिईनेछ । कागजातमा कुनै अस्पष्टता वा विरोधाभास भएको पाइएमा खरिदकर्ताले निर्माण व्यवसायीलाई आवश्यक निर्देशन जारी गर्नेछ र करार सम्झौतामा समावेश भएका कागजातहरुले ***करारका विशेष शर्तहरुमा*** उल्लेख भए अनुसार प्राथमिकता पाउनेछन् । |

| | |
|---|---|
| १.४ कानून | यो करारमा नेपालको प्रचलित कानून लागू हुनेछ । |
| १.५ सञ्चार | करारमा भएको व्यवस्था बमोजिम कुनै सूचना दिनुपर्ने वा जारी गर्नुपर्ने भएमा वा कुनै प्रकारको सञ्चारको आवश्यकता परेमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो सूचना वा सञ्चार करारका विशेष शर्तहरुमा उल्लेख भएको भाषामा लेखिएको हुनुपर्नेछ र त्यस्तो सूचना वा सञ्चार अनावश्यक रुपमा रोकेर राख्नु वा ढिलो गर्नुहुँदैन ।<br><br>उपदफा १.५ बमोजिम दिईएको सूचना ठेगाना पत्ता नलागेको कारण सम्बन्धित पक्षलाई बुझाउन नसकिएमा त्यस्तो सूचना सार्वजनिक सूचनाको रुपमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्नेछ र त्यसरी सूचना प्रकाशित भएपछि सम्बन्धित पक्षले सूचना प्राप्त गरेको मानिनेछ । |
| १.६ वैधानिक दायित्व | निर्माण व्यवसायीले निर्माण कार्य हुने देश नेपालको प्रचलित कानूनको पालना गर्नुपर्नेछ । निजले निर्माण कार्यसँग सम्बन्धित सम्पूर्ण सूचना उपलब्ध गराउनुपर्छ र निर्माण कार्यसँग सम्बन्धित सम्पूर्ण शुल्कका साथै अन्य दस्तुरहरु पनि बुझाउनुपर्छ । |
| **२.खरिदकर्ता** | |
| २.१ साईट सम्बन्धी व्यवस्था | करारका विशेष शर्तहरुमा उल्लेख गरिएको समयमा खरिदकर्ताले साईट र साईटसम्म पहुँचको अधिकार उपलब्ध गराउनुपर्दछ । |
| २.२ अनुमति र लाईसेन्स | निर्माण व्यवसायीले अनुरोध गरेमा खरिदकर्ताले कामको निमित्त आवश्यक अनुमतिपत्र, लाईसेन्स वा स्वीकृतिको लागि निवेदन दिने कार्यमा सघाउनुपर्दछ । |
| २.३ खरिदकर्ताको निर्देशन | निर्माण व्यवसायीले निर्माण कार्य आंशिक वा पूर्ण रुपमा स्थगन गर्ने लगायत खरिदकर्ताको सम्पूर्ण निर्देशनहरु पालना गर्नुपर्नेछ । |
| २.४ स्वीकृति | खरिदकर्ता वा निजको प्रतिनिधिको स्वीकृति वा सहमति वा कुनै प्रतिक्रिया प्राप्त नभएको कारणले निर्माण व्यवसायीको दायित्वमा कुनै फरक पर्नेछैन । |
| **३. खरिदकर्ताको प्रतिनिधि** | |
| ३.१आधिकारिक व्यक्ति | खरिदकर्ताको तर्फबाट तोकिएको एकजना कर्मचारीलाई निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त हुनेछ । करारका विशेष शर्तहरुमा नाम उल्लेख गरिएको व्यक्ति वा खरिदकर्ताले निर्माण व्यवसायीलाई जानकारी गराएको व्यक्ति त्यस्तो आधिकारिक व्यक्ति हुनेछ । |
| ३.२ खरिदकर्ताको प्रतिनिधि | निश्चित काम गर्नको लागि खरिदकर्ताले कुनै फर्म वा व्यक्तिलाई नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त फर्म वा व्यक्तिको नाम खरिदकर्ताले करारका विशेष शर्तहरुमा उल्लेख गर्न सक्नेछ वा खरिदकर्ताले समय समयमा जानकारी गराए अनुसार हुनेछ । यसरी नियुक्त प्रतिनिधिलाई हस्तान्तरण गरिएको काम र अधिकारको बारेमा खरिदकर्ताले निर्माण व्यवसायीलाई जानकारी गराउनेछ । |

| | |
|---|---|
| **४. निर्माण व्यवसायी** | |
| ४.१ साधारण दायित्व | निर्माण व्यवसायीले निर्माण कार्य उपयुक्त ढंगले करारमा व्यवस्था भए अनुसार गर्नुपर्नेछ । निजले आवश्यक पर्ने सम्पूर्ण सुपरीवेक्षण कामदार, सामग्री, प्लाण्ट र उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ । साईटमा रहेका सबै सामग्री र उपकरणहरु खरिदकर्ताको सम्पत्ति मानिनेछन् ।<br><br>काम चालु रहेको अवस्थामा निर्माण व्यवसायी र उसको सव-कन्ट्राक्टरले जुनसुकै समय बालश्रमसँग सम्बन्धित कानून, नियम लगायत श्रम सम्बन्धी कानूनको पालना गर्नुपर्नेछ ।<br><br>चौध वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि काममा कामदारको रुपमा लगाउन पाइनेछैन । |
| ४.२ निर्माण व्यवसायीको प्रतिनिधि | निर्माण व्यवसायीले आफ्नो तर्फबाट निर्देशनहरु लिनको निमित्त नियुक्त गर्ने आधिकारिक प्रतिनिधिको नाम र अन्य विवरण समेत उल्लेख गरी सहमतिको लागि खरिदकर्ता समक्ष पेश गर्नुपर्नेछ । |
| ४.३ सब-कन्ट्राक्ट सम्बन्धी व्यवस्था | निर्माण व्यवसायीले सव-कन्ट्राक्टमा काम दिन पाउनेछैन । |
| ४.४ कार्यसम्पादन जमानत | करारका विशेष शर्तहरु अनुसार निर्माण व्यवसायीले खरिदकर्ता समक्षठेक्का(निर्माणकार्य) स्वीकृति पत्रमा उल्लेख भए बमोजिम कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ । |
| **५ खरिदकर्ताको दायित्व** | |
| ५.१ खरिदकर्ताको दायित्व | यो करारमा खरिदकर्ताको दायित्व भन्नाले देहाय वमोजिम सम्झनुपर्दछः<br>(क) देशभित्र भएको लडाई, वैरभाव (युद्ध घोषणा भएको वा नभएको), आक्रमण, विदेशी शत्रुको गतिविधि,<br>(ख) देशभित्र भएको विद्रोह, आतंकवाद, क्रान्ति, राजद्रोह, सैनिक विद्रोह वा शक्तिको लागि बल प्रयोग वा गृहयुद्ध,<br>(ग) निर्माणस्थल र/वा कामलाई प्रभाव पार्ने गरी निर्माण व्यवसायीको कर्मचारी र कामदार वाहेक अरुद्धारा भएको हुलदंगा, आन्दोलन वा अवरोध,<br>(घ) करारमा उल्लेख भएकोमा बाहेक निर्माण कार्यको कुनै भागमाखरिदकर्ताले गरेको उपयोग वा भोग,<br>(ङ) खरिदकर्ताको कर्मचारीद्वारा वा खरिदकर्ता जिम्मेवार हुनेगरी अन्य कसैद्वारा गरिएको निर्माण कार्यको कुनै भागको डिजाईन,<br>(च) निर्माणस्थल एवं कामलाई प्रभाव पार्ने गरी भएको अनुभवप्राप्त निर्माण व्यवसायीलेपूर्वसावधानी अपनाउनको लागि पूर्वानुमान गर्न संभव नभएको प्राकृतिक प्रकोप,<br>(छ) निर्माण व्यवसायीको असफलताको कारण बाहेक करारका सामान्य शर्तहरुको उपदफा २.३ अन्तर्गत भएको कार्य स्थगन,<br>(ज) खरिदकर्ताको कुनै पनि प्रकारको असफलता,<br>(झ) निर्माण स्थलमा काम भइरहेको अवस्थामा अनुभवी निर्माण व्यवसायीले पूर्वानुमान गर्न सम्भव नभएको र निर्माण व्यवसायीले थाहा पाउने वित्तिकै खरिदकर्तालाई जानकारी गराएको,मौसमको कारण बाहेक अन्य कुनै कारणवश उत्पन्न भौतिक अवरोध वा भौतिक अवस्था, |

| | |
|---|---|
| | (ञ) भिन्नताको आदेशको कारण भएको ढिलाई वा अवरोध,<br>(ट) सम्झौतामा उल्लेख भए अनुसार निर्माण व्यवसायीको प्रस्ताव प्राप्त भएपछि कानूनमा भएको कुनै परिवर्तन,<br>(ठ) स्थायी निर्माण कार्य कुनै पनि जमिनमा, जमिनमाथि, जमिनमुनि, जमिनभित्र वा जमिनबाट गराउन पाउने र स्थायी निर्माण कार्यको लागि जमिन भोग गर्न पाउने खरिदकर्ताको अधिकारको कारण पुग्न गएको कुनै हानि नोक्सानी, र<br>(ड) निर्माण कार्य कार्यान्वयन गर्ने र त्रुटि सच्याउने निर्माण व्यवसायीको दायित्व पुरा गर्ने क्रममा हुने अपरिहार्य क्षति । |
| **६ काम पुरा गर्ने समय** | |
| ६.१ निर्माण कार्य कार्यान्वयन गर्ने | निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्ने दिनबाट काम शुरु गर्नुपर्नेछ र कुनै विलम्ब नगरी द्रुत गतिले काम गरी काम सम्पन्न गर्नेअवधिभित्रै निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । |
| ६.२ कार्ययोजना | करारका विशेष शर्तहरुमा उल्लेख भएको अवधिभित्र निर्माण व्यवसायीले खरिदकर्ता समक्ष निर्माण कार्ययोजना पेश गर्नुपर्नेछ । |
| ६.३ समयावधि थप | खरिदककर्ताले दायित्व पूरा नगरेको कारणबाट निर्माण व्यवसायीले गर्नुपर्ने काममा ढिलाई भएकोमा त्यस्तो ढिलाईको लागि निर्माण व्यवसायीले समयावधि थप पाउनेछ ।<br><br>निर्माण व्यवसायीले करार सम्पन्न गर्नुपर्ने समयभन्दा ७ दिन अगावै काममा ढिलाई हुन गएको कारण खोली खरिदकर्ता समक्ष समयावधि थपको लागि निवेदन दिनुपर्नेछ ।<br><br>निर्माण व्यवसायीले पेश गरेको निवेदन प्राप्त भएपछि खरिदकर्ताले म्याद थपको लागि दिएको विवरणहरु अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न मनासिव माफिक समयावधि थप गरिदिन सक्नेछ । |
| ६.४ ढिलो भएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति | काम सम्पन्न गर्नुपर्ने समयभित्र काम पुरा गर्न असफल भएमा ढिलो भएको समयको निमित्त *करारका विशेष शर्तहरुमा* उल्लेख भए बमोजिम प्रति दिनको हिसाबले क्षतिपूर्तिरकम भुक्तानी दिनु निर्माण व्यवसायीको दायित्व हुनेछ । |
| **७. हस्तान्तरण** | |
| ७.१ सम्पन्न | निर्माण कार्य सम्पन्न भएपछि निर्माण व्यवसायीले सोको सूचना खरिदकर्तालाई दिन सक्नेछ । |
| ७.२ हस्तान्तरणगर्ने सूचना | खरिदकर्तालाई निर्माण व्यवसायीले काम सम्पन्न गरेको भन्ने लागेमा काम सम्पन्न भएको मिति उल्लेख गरी सोको सूचना निर्माण व्यवसायीलाई दिनु पर्दछ । निर्माण कार्य पूरै नसकिएको भएतापनि खरिदकर्तालाई हस्तान्तरण गर्न सकिने अवस्थामा छ भन्ने लागेमा वैकल्पिकरुपमाखरिदकर्ताले मिति उल्लेख गरी सोको सूचना निर्माण व्यवसायीलाई दिन सक्नेछ ।<br><br>माथि उल्लेख भए बमोजिमको सूचना दिएपछि खरिदकर्ताले निर्माण कार्य बुझिलिनेछ । निर्माण व्यवसायीले करारका सामान्य शर्तको दफा ८ बमोजिम बाँकी रहेका कामहरु |

| | |
|---|---|
| | तुरुन्तै पुरा गर्नुपर्नेछ र निर्माणस्थलका सबै सामान हटाई सफा गरिदिनुपर्दछ। |
| **८. त्रुटि सच्याउने** | |
| ८.१ त्रुटि सच्याउने | खरिदकर्ताले कुनैपनि समयमा करारका विशेष शर्तहरुमा उल्लेख गरिएको मिति सकिनु अगावै निर्माण व्यवसायीलाई कुनै त्रुटिसच्याउन वा सम्पन्न गर्न बाँकी रहेको कामको सम्पन्न गर्न जानकारी गराउन सक्नेछ। निर्माण व्यवसायीले आफ्नो डिजाईन, सामग्री, प्लान्ट वा कार्यकुशलताको कारण भएका त्रुटिहरु खरिदकर्तालाई कुनै आर्थिक भार नपर्ने गरी सच्याउनुपर्नेछ।<br><br>खरिदकर्ताको सूचना पाएको मनासिव समयभित्र त्रुटिसच्याउन वा सम्पन्न गर्न बाँकी रहेका कामहरु पूरा गर्न निर्माण व्यवसायीअसफल भएमा खरिदकर्ताले त्यस्तो त्रुटि वा बाँकी रहेको काम निर्माण व्यवसायीकै खर्चमा सच्याउन वा गराउन सक्नेछ। |
| ८.२ खोतल्ने र जाँचपड्ताल गर्ने | खरिदकर्ताले कुनै पनि कामलाई खोतल्ने र जाँच गर्ने निर्देशन दिन सक्नेछ। त्यसरी खोतल्दा वा जाँचपड्ताल गर्दा निर्माण व्यवसायीको आफ्नो डिजाईन, सामग्री, प्लान्ट वा कार्यकुशलता करारमा उल्लेख भए अनुसार नभएको भन्ने प्रमाणित भएको अवस्थामा बाहेक त्यसरी खोतल्दा वा जाँचपड्ताल गर्दाको खर्च करारका सामान्य शर्तहरुको उपदफा ९.२ बमोजिम भेरिएशनको रुपमा निर्माण व्यवसायीलाई दिनुपर्नेछ। |
| **९ भेरिएशन र दावीहरु** | |
| ९.१ भेरिएशनको अधिकार | खरिदकर्ताले भेरिएशनको निर्देशन दिन सक्नेछ। |
| ९.२ भेरिएशनको मूल्याङ्कन | भेरिएशनको मूल्य निम्न अनुसार यकिन गरिनेछः<br>(क) उपयुक्तता अनुसार करारमा भएको रेटमा, वा<br>(ख) उपयुक्त रेटहरु नभएको अवस्थामा करारमा भएका रेटहरुको आधार लिएर, वा<br>(ग) सहमतिमा उपयुक्त नयाँ रेट तय गरेर वा खरिदकर्ताले उचित ठहराएको रेटमा। |
| ९.३ दावी गर्ने अधिकार | खरिदकर्ताको दायित्व भित्रको कारणले निर्माण व्यवसायीले कुनै खर्च बेहोर्नु परेमा त्यस्तो खर्च भएको रकम निर्माण व्यवसायीले खरिदकर्ताबाट पाउनेछ। खरिदकर्ताको दायित्व भित्रको कारणले काममा कुनै परिवर्तन गर्न आवश्यक भएमा त्यस्तो परिवर्तनलाई भेरिएशनको रुपमा लिनुपर्दछ। |
| ९.४ भेरिएशन र दावीको प्रक्रिया | निर्माण व्यवसायीले प्रत्येक आइटम अनुसार भेरिएशनको मूल्य निकाली भेरिएशन वापतको दावी आफुले निर्देशन पाएको वा दावी गर्नु पर्ने कारण उत्पन्न भएको मितिले ७ दिनभित्र खरिदकर्ता समक्ष पेश गर्नुपर्नेछ। खरिदकर्ताले त्यस्तो दावीको जाँच गर्नेछ र संभव भएसम्म दावी रकममा सहमति जनाउनेछ। सहमति हुन नसकेमा त्यस्तो मूल्य खरिदकर्ताले निर्धारण गर्नेछ। |
| **१० सम्झौता मूल्य र भुक्तानी** | |
| १०.१ कामको | सम्पन्न भएको कामको मूल्याङ्कन करारमा भएको विल अफ क्वान्टिटी र स्वीकृत |

| | |
|---|---|
| मूल्याङ्कन | भेरिएशनमा भएको परिमाण तथा मूल्यको आधारमा निकालिनेछ । सम्पन्न गरेको कामको लागि निर्माण व्यवसायीलाई उसले गरेको कामको परिमाणको लागि र विल अफ क्वान्टिटीमा उल्लेख गरेको रेट वा भेरिएशनको कामको लागि करारका सामान्य शर्तहरुको दफा ९.२ बमोजिम सहमति भएको रेट अनुसार भुक्तानी गरिनेछ । |
| १०.२ भुक्तानीको प्रमाणपत्र | निर्माण व्यवसायीले मासिक रुपमा आफूले पूरा गरेको कामको रकममा अघिल्लो बिलसम्म प्रमाणित भईसकेको रकम घटाई खरिदकर्ता समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ । निर्माण व्यवसायीले पेश गरेको प्रतिवेदन खरिदकर्ताले जाँच गरी निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रकम प्रमाणित गर्नेछ । |
| १०.३ भुक्तानी | खरिदकर्ताले निर्माण व्यवसायीलाई भुक्तानीको लागि प्रमाणित भएको रकम करारका विशेष शर्तहरुमा उल्लेख भए अनुसार रिटेन्सन रकम कट्टा गरी प्रत्येक पटक भुक्तानीको लागि प्रमाणित भएको मितिले ३० दिन भित्र भुक्तानी गर्नु पर्नेछ । |
| १०.४ रिटेन्सन रकमको भुक्तानी | त्रुटि सच्याउने अवधि सकिएको ३० दिनभित्र र खरिदकर्ताले जानकारी गराएका त्रुटिहरु सच्याएको प्रमाणपत्र जारी गरेपछि खरिदकर्ताले निर्माण व्यवसायीलाई रिटेन्सन रकमको ५० प्रतिशत रकम फिर्ता गर्नेछ ।<br><br>रिटेन्सन रकमको बाँकी रकम सम्बन्धित आन्तरिक राजस्व विभागमा कर विवरण दाखिला गरेको प्रमाण पेश गरेको ७ दिनभित्र खरिदकर्ताले निर्माण व्यवसायीलाई फिर्ता गर्नेछ । |
| १०.५ अग्रिम पेश्की भुक्तानी | १०.५.१ करारका विशेष शर्तहरुमा उल्लेख गरिएको रकम, दुई पटक गरी करारका विशेष शर्तहरुमा उल्लेख गरिएको मितिमा खरिदकर्ताले निर्माण व्यवसायीलाई अग्रिम पेश्की भुक्तानी गर्नु पर्नेछ । अग्रिम पेश्की भुक्तानीको लागि निर्माण व्यवसायीले, अग्रिम पेश्की रकम बराबरको, खरिदकर्तालाई स्वीकार्य हुने ढाँचामा, 'क' श्रेणीको बाणिज्य बैंकद्धारा जारी गरिएको शर्त रहितको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । अग्रिम पेश्की वापतको रकम निर्माण व्यवसायीबाट असुल नभएसम्म बैंक ग्यारेण्टी बहाल रहनु पर्दछ तर निर्माण व्यवसायीबाट असुल भएजति रकमको अनुपातमा बैंक ग्यारेण्टीको रकमलाई क्रमशः घटाउँदै लैजान सकिनेछ । अग्रिम पेश्की वापतको रकममा व्याज लाग्ने छैन ।<br><br>१०.५.२ अग्रिम पेश्की वापतको रकम, निर्माण व्यवसायीले करार कार्यान्वयनसँग सम्बन्धित उपकरण, प्लान्ट, सामाग्री र मोबिलाइजेशन खर्चहरु जस्ता सम्झौतासँग सम्बन्धित काममा मात्र प्रयोग गर्नु पर्दछ । विजक वा अन्य कुनै कागजातहरुको प्रतिलिपि आयोना प्रमुख (प्रोजेक्ट मेनेजर) समक्ष पेश गरी,निर्माण व्यवसायीलेअग्रिम पेश्की वापतको रकम माथि उल्लेख भएजस्तै काममा प्रयोग भएकोछ भन्ने कुरा दर्शाउनु पर्दछ ।<br><br>१०.५.३ करारका विशेष शर्तहरुमा उल्लेख भए बमोजिम अग्रिम पेश्की वापतको रकम, काम सम्पन्न भएको प्रतिशत र सो वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्न बाँकी रहेको रकमबाट आनुपातिक रुपमा कट्टा गरिँदै लगिनेछ ।सम्पन्न भएको कामको निर्धारण गर्दा अग्रिम पेश्की वापतको रकमको भुक्तानी वा फिर्ती कट्टा, भेरिएशन, मूल्य समायोजन, क्षतिपूर्तिको घटना, बोनस वा पूर्व निर्धारित क्षतिपूर्तिहरुमाथि कुनै विचार गरिनेछैन । |
| १०.६ स्थानीय कर र मूल्य अभिवृद्धि कर | (क) निर्माण व्यवसायीले कबोल गर्ने मूल्यमा प्रचलित नेपाल कानून अनुसार तिर्नु पर्ने सम्पूर्ण करहरु समावेश भएको हुनु पर्नेछ ।<br><br>(ख) निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर कानूनले तोकेको समयभित्र बुझाउनुपर्नेछ । |

| **११.करारको अन्त्य** | |
|---|---|
| करारको अन्त्य र भुक्तानी | ११.१ खरिदकर्ताले कुनै पनि समयमा करारको अन्त्य गर्न सक्नेछ, यदिः<br>(क) निर्माण व्यवसायीले करार अनुसार काम सुरु नगरेमा,<br>(ख) काम सम्पन्न नगरी बीचैमा छोडेमा,<br>(ग) करार अनुसार प्रगति हासिल गर्न नसकेमा ।<br>११.२ खरिदकर्ता वा निर्माण व्यवसायीले सारवानरुपमा करारको उल्लङ्घन गरेमा अर्को पक्षले करारको अन्त्य गर्न सक्नेछ ।<br>११.३ सारवानरुपमा करारकोउल्लङ्घन भन्नाले तल दिइए लगायतका कुराहरु समावेश हुनेछन्:<br>(क) निर्माण व्यवसायीले लिएको अग्रिम पेश्की रकम करारीय दायित्व पुरा गर्ने काममा भन्दा अन्यत्र प्रयोग गरेमा,<br>(ख) चालु कार्यक्रम अनुसार काम रोक्नुपर्ने अवस्था नभएकोमा निर्माण व्यवसायीले ३० दिनसम्म काम रोकेमा र त्यसरी काम रोकेको कुरालाई प्रोजेक्ट मेनेजरले मान्यता नदिएमा,<br>(ग) आयोजना प्रमुख (प्रोजेक्ट मेनेजर) ले निर्माण व्यवसायीलाई काममा विलम्व गर्न निर्देशन दिई त्यस्तो निर्देशन ३० दिनभित्र फिर्ता नलिएमा,<br>(घ) खरिदकर्ता वा निर्माण व्यवसायी टाट उल्टेमा वा  पुर्नसंरचना वा एकीकरण बाहेकको कारणले लिक्विडेसनमा गएमा,<br>(ङ)  प्रोजेक्ट मेनेजरले प्रमाणीकरण गरेको ९० दिनसम्म पनि खरिदकर्ताले निर्माण व्यवसायीलाई भुक्तानी नदिएमा,<br>(च)  कुनै त्रुटि सच्याउनको लागि प्रोजेक्ट मेनेजरले उचित समय तोकी सूचना दिएकोमा त्यस्तो समयभित्र निर्माण व्यवसायीले त्रुटि सच्याउन नसकेमा,<br>(छ) प्रोजेक्ट मेनेजरले करार वमोजिम निर्धारण गरेको उचित समयभित्र कार्यक्रमलाई अद्यावधिक गर्न र कामको गति बढाउन नसकेमा,<br>(ज) निर्माण व्यवसायीले आवश्यक सुरक्षा व्यवस्था कायम गर्न नसकेमा,<br>(झ) निर्माण व्यवसायीले, करारका विशेष शर्तहरुको दफा ६.४ मा उल्लेख गरिएको, पूर्व निर्धारित क्षतिपूर्ति बुझाउन सकिने अधिकतम दिनभन्दा बढीनिर्माण कार्यमा ढिलाई गरेमा,<br>(ञ)  खरिद प्रतिस्पर्धामा सहभागी हुँदा वा करार कार्यान्वयनको सिलसिलामा निर्माण व्यवसायी भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्यमा लागेकोछ भन्ने खरिदकर्तालाई लागेमा ।<br>११.५ माथि जेसुकै भनिएता पनि खरिदकर्ताले कुनै पनि बेला निर्माण व्यवसायीलाई सूचना दिई सुविस्ताको आधारमा करारको अन्त्य गर्न सक्नेछ। :<br>११.६ करार अन्त्य भएमा निर्माण व्यवसायीले तुरुन्त काम रोक्नु पर्नेछ र निर्माण स्थललाई सुरक्षित राखी निर्माण स्थल छोड्नुपर्नेछ ।<br>११.७ खरिदकर्ताले सारभूत रुपमाउल्लङ्घन गरी निर्माण व्यवसायीले करारको अन्त्य गरेकोमा, प्रोजेक्ट मेनेजरले प्रमाणपत्र जारी गरेको मितिसम्मसम्पन्न गरेको काम र आदेश गरिएको मालसामानको मूल्यमा पेश्की रकम कटाई बाँकी हुने रकमको प्रमाणपत्र जारी गर्नेछ । |

| | |
|---|---|
| | अतिरिक्त पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने छैन । यदि निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने रकम भन्दा खरिदकर्तालाई दिनुपर्ने रकम भन्दा बढी भएमा त्यस्तो रकम खरिदकर्तालाई दिनुपर्नेछ ।<br><br>११.८ यदि खरिदकर्ताले सुविस्ताको आधारमा वा खरिदकर्ताले सारभूतरुपमा करारको उल्लङ्घन आधारमा करारको अन्त्य गरिएको भएमा प्रोजेक्ट मेनेजरले प्रमाणपत्र जारी गरेको मितिसम्म सम्पन्न गरेको काम र आदेश गरिएको मालसामानको मूल्य, निर्माण कार्यमा संलग्न कामदारहरुको फिर्ती खर्चमा पेश्की रकम कटाई हुने रकमको प्रमाणपत्र जारी गर्नेछ ।<br><br>११.९ यदि निर्माण व्यवसायीले करारको सारभूतरुपमा उल्लङ्घन गरेको आधारमा करारको अन्त्य गरिएको भएमा कार्य सम्पादन जमानत जफत गरिनेछ । यस्तो अवस्थामा खरिदकर्ताले करार बमोजिम सम्पन्न गर्न बाँकी कामको लागि लाग्ने रकम प्रचलित कानून बमोजिम निर्माणव्यवसायीबाट असूल उपर गर्नेछ । |
| **१२. जोखिम र दायित्व** | |
| १२.१ निर्माण व्यवसायीद्वारा निर्माण कार्यको रेखदेख | निर्माण व्यवसायीले कार्य आरम्भ गरेको दिनदेखि **करारका समान्य शर्तको उपदफा ७.२** अन्तर्गतको सूचना खरिदकर्ताले नदिएसम्म निर्माण कार्यको सम्पूर्ण दायित्व निर्माण व्यवसायीले लिनु पर्नेछ । तदुपरान्त सोको दायित्व खरिदकर्तामा सर्नेछ । करार बमोजिमको कार्य सुनिश्चिताको लागि माथि उल्लिखित समयावधिभित्र निर्माण कार्यमा कुनै हानि वा क्षति भएमा त्यस्तो हानि वा क्षति निर्माण व्यवसायीले सुधार्नुपर्नेछ । |
| १२.२ काबु बाहिरको परिस्थिति | काबु बाहिरको परिस्थतिको कारण कुनै पक्ष आफ्नो दायित्व पुरा गर्न असमर्थ भएमो तुरुन्तै अर्को पक्षलाई जानकारी गराउनुपर्नेछ । आवश्यक भएमा निर्माण व्यवसायीले निर्माण कार्य स्थगन गर्नेछ र खरिदकर्तासँगको सहमतिमा निर्माण व्यवसायीका उपकरणहरु निर्माण स्थलबाट हटाउनेछ ।<br><br>९० दिन सम्म पनि यस्तो परिस्थिति कायमै रहेको कुनै पक्षले करारको अन्त्यको सूचना जारी गर्न सक्नेछ र ३० दिन पछि त्यस्तो सूचनाको कार्यान्वयन हुनेछ ।<br><br>करारको अन्त्य गरिएकोमा देहायका कुराहरुको समायोजन गरी सम्पन्न भई सकेको कामको रकम तथा निर्माण स्थलमा आपूर्ति गरिएको मालसामान तथा प्लान्टको रकम निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्नेछः<br><br>(क) दफा ९.४ बमोजिम निर्माण व्यवसायीलाई दिनुपर्ने रकम,<br><br>(ख) काम रोक्न वा हटाउन लागेको खर्च,<br><br>(ग) खरिदकर्ताले भुक्तानी दिनुपर्ने अन्य रकम ।<br><br>खास भुक्तानी दिनु पर्ने रकम करारको अन्त्यको सूचना जारी भएको मितिले ३० दिन भित्र दिनुपर्नेछ । |
| **१३. विवाद समाधान** | |
| १३.आपसी सहमति | १३.१खरिदकर्ता तथा निर्माण व्यवसायीबिच करारसँग सम्बन्धित विषयमा कुनै विवाद |

| | |
|---|---|
| | उत्पन्न भएमा त्यस्तो विवाद आपसी सहमतिमा समाधान गर्ने प्रयास गर्नुपर्नेछ । |
| १४. निर्माण व्यवसायीको आचरण | १४.१ करार सम्झौता, दरभाउपत्रसम्बन्धी कागजात तथा नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावली अनुसार आफ्नो दायित्व पुरा गर्नु *निर्माण व्यवसायीको* जिम्मेवारी हुनेछ ।<br>१४.२ *निर्माण व्यवसायीले*खरिद प्रक्रिया वा खरिद सम्झौता कार्यान्वयनको प्रक्रियालाई प्रभाव पार्ने उद्देश्यले निम्न कार्यहरु गर्नु वा गराउनु हुँदैन:<br>(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा प्रस्ताव गर्न,<br>(ख) तथ्य बङ्ग्याउन वा झुटो विवरण पेश गर्न,<br>(ग) भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्यमा लगाउन वा संलग्न हुन,<br>(घ) अन्य संभावित दरभाउपत्रदाताहरुलाई खरिद प्रक्रियामा सहभागी हुन बाधा पुऱ्याउने कार्य गर्न,<br>(ङ) खरिद प्रक्रियामा सहभागी हुने कुनै पक्ष वा निजको सम्पत्तिमाथि प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट क्षति वा नोक्सानी पुऱ्याउने हिसावले दवाव वा धम्की दिन,<br>(च) दरभाउपत्रदाताहरुबीच दरभाउपत्र पेश गर्नु अगाडि वा पछाडि खरिदकर्तालाई खुल्ला प्रतिस्पर्धी कबोल अङ्कको फाइदा लिनबाट वञ्चित गराउने उद्देश्यले आपसमा काम बाँडफाँड गर्ने हिसाबले वा कृत्रिम/अप्रतिस्पर्धी तवरले कबोल अङ्क निर्धारण गर्न,<br>(छ) दरभाउपत्र खोलेपछि ठेक्का प्रदानको सूचना जारी नभएसम्मको अवधिभित्र, खरिदकर्तालाई दरभाउपत्रसँग सम्बन्धित विषयमा प्रभाव पार्ने वा दरभाउपत्रको परीक्षण र मूल्याङ्कनलाई बाधा पुऱ्याउने मनसायले खरिदकर्तासँग सम्पर्क गर्न । |
| १५. कालोसूचीमा राख्ने | १५.१ यस करार अन्तर्गत*निर्माण व्यवसायी*लाई प्राप्त कुनै पनि अधिकारमाथि कुनै बाधा नपुग्ने गरी नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्माण व्यवसायीलाई निजले गरेको कसूरको मात्रा हेरी निम्न आधारमा तीन बर्षसम्मको लागि कालो सूचीमा राख्न सक्नेछ:<br>(क) करारको सामान्य शर्तको उपदफा१४.२ मा उल्लेख भए अनुसारको कार्य निर्माण व्यवसायीलेगरेको प्रमाणित भएमा,<br>(ख) करार कार्यान्वयनको सिलसिलामा *निर्माण व्यवसायी*ले सारभूत रुपमा गल्ती गरेको कुरा पछि प्रमाणित भएमा वा करार अन्तर्गतको आफ्नो दायित्व सारभूत रुपमा पुरा नगरेमा वा सम्पन्न गरेको कार्य करारमा तोकिए अनुसारको गुणस्तरको नभएमा,<br>(ग) फौजदारी अभियोगमा अदालतद्धारा दोषी ठहरिई करारमा भाग लिनबाट अयोग्य ठहरिएमा ।<br>(घ) निर्माण व्यावसायीले झुटो सूचना वा तथ्यांकको गलत व्याख्याका आधारमा निर्माण सम्झौतामा हस्ताक्षर गरेमा ।<br>१५.२ नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालोसूचीमा राखी अयोग्य घोषित गरेको *निर्माण व्यवसायी,* त्यसरी कालोसूचीमा रहेको अवधिभर कुनै पनि खरिदकार्य (ठेक्का) को लागि दरभाउपत्र प्रक्रियामा सहभागी हुन पाउनेछैन । |

| | |
|---|---|
| १६. सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली लागू हुने | १६.१ दरभाउपत्रसम्बन्धी कागजातमा उल्लिखित कुनै प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा रहेका प्रावधानसँग बाझिएमा बाझिएको हदसम्म यस दरभाउपत्रसम्बन्धी कागजातमा रहेका प्रावधानहरु स्वतः निष्क्रिय हुनेछ र उल्लिखित ऐन र नियमावलीमा रहेका प्रावधानहरु मान्य हुनेछ । |

## खण्ड ९ करारका विशेष शर्तहरु

**करारका विशेष शर्तहरु** करार सम्झौताको एक भाग हो ।

(टिप्पणी: खरिदकर्ताले आवश्यकता अनुसार भरेको स्थान बाहेकका खाली ठाँउहरु दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्नु अगाडि भर्नुपर्नेछ ।)

| दफा | आइटम |
|---|---|
| १.१.१ | करारका कागजातहरुको प्राथमिकताक्रम देहाय अनुसार हुनेछ::<br>(क) सम्झौता पत्र<br>(ख) करारका विशेष शर्तहरु<br>(ग) करारका सामान्य शर्तहरु<br>(घ) प्राविधिक स्पेशिफिकेसन<br>(ङ) ड्रईङ्गरनक्सा<br>(च) बिल अफ क्वान्टिटी<br>(छ) … (केही भए)<br>(ज) … (केही भए |
| १.१.१२ | अपेक्षित निर्माण कार्य सम्पन्न गनुपर्ने मिति: *सम्झौता भएको मितिले ३० दिन भित्र* |
| १.५ | करारको भाषा नेपाली/अंग्रजी हुनेछ । |
| २.१ | साइट प्रदान गरिने दिन : *सम्झौता भएको मितिले ७ दिन भित्र* |
| ३.१ | आधिकारिक व्यक्तिहरु : सम्झौताका हस्ताक्षरकर्ताहरु |
| ३.२ | खरिदकर्ताको प्रतिनिधिको नाम र ठेगाना (यदि थाहा भए)........ |
| ४.४ | कार्यसम्पादन जमानत नेपाली मुद्रामा हुनेछ ।<br>कार्यसम्पादन जमानतको रकम देहाय बमोजिम हुनेछ:<br>(क) स्वीकृतिको लागि छनौट भएको दरभाउपत्रदाताको कवोल रकम स्वीकृत लागत अनुमानको १५ (पन्ध्र) प्रतिशतसम्म कम भएमा कार्यसम्पादन जमानतको रकम कबोल रकमको ५ (पाँच) प्रतिशत हुनेछ ।<br>(ख) स्वीकृतिको लागि छनौट भएको दरभाउपत्रदाताको दरभाउपत्रको कवोल रकम स्वीकृत लागत अनुमानको १५ (पन्ध्र) प्रतिशत भन्दाबढीले घटी भएमा कार्यसम्पादन जमानत देहाय बमोजिम निर्धारण हुनेछ :<br>कार्यसम्पादन जमानत रकम =<br>[(०.८५Xलागत अनुमान – कबोल रकम) X ०.५]+ कबोल रकमको ५% |

| | |
|---|---|
| | कबोल रकम र लागत अनुमान मूल्य अभिवृद्धि कर सहितको रकम हुनेछ । |
| ६.२ | कार्य योजना पेश गर्ने समय सम्झौता मितिबाट ७ दिन |
| ६.४ | काममा ढिलाईको लागि पूर्व निर्धारित क्षतिपूर्ति सम्झौता मूल्यको ०.०५ प्रतिशतको दरले प्रतिदिन तथा सम्झौता मूल्यको बढीमा १० प्रतिशत हुनेछ । |
| ८.१ | उप दफा ७.२ अन्तरगत दिईएको सूचनाको मितिले गणना गर्दा त्रुटि सच्याउन सूचना दिने अवधि......दिन हुनेछ । |
| १०.३ | निर्माण व्यवसायीलाई दिने प्रत्येक भुक्तानीको रिटेन्सन मनी<br>: ५ (पाँच) प्रतिशत । |
| १०.५.१ | पेश्की रकमः *उपलब्ध नगराइने* |
| १०.५.३ | सम्झौता मूल्यको ३०% भन्दा बढी रकम बराबरको काम सम्पन्न भएपछिको पहिलो भुक्तानीको प्रमाणपत्रबाट रकम कट्टा गर्न थालिनेछ । पेश्की वापतको रकम चुक्ता नभएसम्म सम्बन्धित मासिक अन्तरिम भुक्तानी प्रमाणपत्रबाट *(प्रतिशत उल्लेख गर्नुहोस्)* ....का दरले कट्टा गरिनेछ; तर स्वीकृत सम्झौता अवधिको ८०% समय भुक्तानी हुँदा पेश्की वापतको रकम पूर्ण रुपमा चुक्ता भईसक्नुपर्नेछ । |

## खण्ड १० सम्झौता सम्बन्धी नमूना फारामहरु

### स्वीकृति पत्र(Letter of Acceptance)

(खरिदकर्ताको लेटर प्याडमा)

मिति ................

श्री .... *(निर्माण व्यवसायीको नाम र ठेगाना लेख्नुहोस्)*

**विषयः स्वीकृतिको सूचना**

तपाईले .......................................... *(करार सम्बन्धी विवरण/एससिसि अनुसार ठेक्काको नाम र नं. लेख्नुहोस्)* निर्माण कार्यको लागि मिति ...... *(मिति लेख्नुहोस्)* मा पेश गर्नु भएको **सिलबन्दीदरभाउपत्रदातालाई निर्देशनमा** उल्लेख भए बमोजिम कायम भएको रु ........................ *(कबोल मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्)* कबोल मूल्य भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराइन्छ ।

स्वीकृत दरभाउपत्र वमोजिम खरिदसम्झौतामा हस्ताक्षर गर्न यो पत्र प्राप्त भएको मितिले सात (७) दिनभित्र यस कार्यालयमा उपस्थित हुन सूचित गरिन्छ । सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातको खण्ड ८ मा राखिएको **करार सम्बन्धी फारामहरु**मा उल्लेख भएको ढाँचामा **करारका बिशेष शर्तहरुमा** तोकिए अनुसारको रु.........को कार्य-सम्पादन जमानत पेश गर्नुपर्ने व्यहोरा पनि जानकारी गराइन्छ ।

माथि तोकिएको म्यादभित्र कार्य-सम्पादन जमानतपेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न नसकेमातपाईले पेश गर्नु भएको दरभाउपत्रजमानत यस कार्यालयले जफत गर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

हस्ताक्षरः

नामः

पदः

# सम्झौता फाराम(Agreement Form)

आज मिति ... *(दिन)* ... *(महिना)* ... *(साल)* का दिन श्री .............................................. *( खरिदकर्ताको नाम र ठेगाना लेख्नुहोस्)* (यसपछि "खरिदकर्ता" भनिने) र श्री ............................................... *(निर्माण व्यवसायीको नाम र ठेगाना लेख्नुहोस्)* (यसपछि *"निर्माण व्यवसायी"*भनिने) बीच, ....................................... *(निर्माण कार्यको नामलेख्नुहोस्)* को लागि सिलबन्दी दरभाउपत्र आह्वानगरे वमोजिम*............(फर्म)......*ले उक्त निर्माणकार्यका लागि रु .................. *(भ्याट सहितको सम्झौता मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्)* मा निर्माण कार्यसम्पन्न गर्नेगरी पेश गरेको सिलबन्दी दरभाउपत्र खरिदकर्ताले स्वीकृत गरी दुवै पक्षले देहायका शर्तहरु पालना गर्ने गरी ......... कार्यालयमा यो सम्झौता सम्पन्न गरिएको छ ।

१. यस सम्झौतामा प्रयोग भएका शब्द र कथनको अर्थ यो सम्झौतासँग सम्बन्धित करारका शर्तहरुले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

२. निम्न लिखित कागजातहरू यसै सम्झौताको अभिन्न अंगको रुपमा रहनेछन :

(क)स्वीकृति पत्र;

(ख) दरभाउपत्र फाराम

(ग) खरिद सम्झौतामा संशोधन (यदि भएमा)

(घ) करारका विशेष शर्तहरु;

(ङ) करारका सामान्य शर्तहरु;

(च) मूल्य परिमाण सूची

(छ) स्पेशिफिकेशन

(ज)नक्शा र डिजाइन

(झ) निर्माण सम्वन्धी आवश्यकता विवरण

(ञ) क्रियाकलाप (कार्य) तालिका

(छ) अन्य (आवश्यक भए)

३. यो सम्झौतामा उल्लेख भए बमोजिम खरिदकर्ताले निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमानिर्माण व्यवसायी करारमा भएको सवै व्यवस्था बमोजिम निर्माण कार्य गर्न र त्यसमा रहेका त्रुटिहरु सच्याउन सहमति व्यक्त गर्दछ ।

४. निर्माण व्यवसायीले निर्माण कार्य र तिनीहरुमा रहेका त्रुटिहरु सच्याईदिएकोमा सम्झौता मूल्य वा करारका अन्य प्रावधान बमोजिम तोकिए अनुसारको समय र प्रक्रिया अनुरुप निर्माण व्यवसायीलाई भुक्तानी दिन खरिदकर्ता आफ्नो सहमति व्यक्त गर्दछ ।

| | |
|---|---|
| हस्ताक्षरः *(खरिदकर्ताको आधिकारिक हस्ताक्षर)*नामः<br>पदः<br>हस्ताक्षरः<br>छापः | हस्ताक्षरः (निर्माण व्यवसायीको आधिकारिक हस्ताक्षर)<br>नामः<br>पदः<br>हस्ताक्षर<br>छाप |

# कार्य-सम्पादन जमानत(Performance Security)

*(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकको लेटरहेडमा लेख्ने)*

*बैंकको नाम र ठेगाना :*
*कार्यसम्पादन जमानत नं.*
*जमानत रकम रु ........(चेक राइटरले समेत लेखेको हुनुपर्ने)*
*(निर्माण खरिदको नाम र नम्वर लेख्नुहोस्)*

*मिति*

श्री ...............................*(खरिदकर्ताको नाम लेख्नुहोस्)*

श्री ................. ......*(निर्माण व्यवसायीको नाम लेख्नुहोस्)*(यसपछि "*निर्माण व्यवसायी*" भनिनेछ) ले ................ *(ठेक्काको नाम र नम्बर लेख्नुहोस्)*यसपछि "ठेक्का" भनिनेछ) कार्यान्वयनको लागि ठेक्का स्वीकृतिको सूचना प्राप्त गरेको र सो सूचना बमोजिम *निर्माण व्यवसायी*ले करार अन्तर्गत आफूले पूरा गर्नुपर्ने दायित्वको प्रत्याभूतिको लागि, तपाई समक्ष बैंकद्वारा जारी गरिएको तोकिए अनुसारको रकमको जमानत ..... *(जमानतको किसिम लेख्नुहोस्)*, पेश गर्नुपर्ने हुँदा, ............... *(जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस्)* मा आधिकारिक ठेगाना भएको, ......*(जमानी दिने बैंकको पूरा नाम लेख्नुहोस्)*(यसपछि "बैंक"भनिनेछ) निर्माण व्यवसायीको तर्फबाट जमानत दिन मञ्जुर भएकोछ ।

उल्लिखित सन्दर्भमा हामी तपाई समक्ष घोषणा गर्दछौं कि हामी जमानी बसेकोले अब उप्रान्त निर्माण व्यवसायीको तर्फबाट जम्मा ...... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* तपाईलाई भुक्तानी दिने जिम्मेवारी हामीले लिएका छौं र करार अन्तर्गत *निर्माण व्यवसायी*ले आफ्नो कर्तव्य पूरा नगरेको भनी तपाईले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुनासाथै विना अवरोध वा वादविवाद, ......... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* सम्मको रकम पुरै वा सोको केही अंश माथि उल्लेख गरिए अनुसार तपाईबाट कुनै प्रमाण नमागिकन वा कारण नसोधिकन तपाईलाई भुक्तानी दिनेछौं ।

यो जमानत .... *(मितिः गते, महिना, साल लेख्नुहोस्)* सम्मको लागि मान्य हुनेछ ।

नामः .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूरा नाम लेख्नुहोस्)*

दर्जाः .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस्)*

हस्ताक्षरः .................... *(माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)*

श्री .............................. *(बैंकको नाम लेख्नुहोस्, छाप लगाउनुहोस्)* को तर्फबाट यो जमानत पत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त ।

मितिः *(मितिः गते, महिना, साल लेख्नुहोस्)*

# अग्रीम पेश्की भुक्तानी जमानत(Advance Payment Security)

*(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकको लेटरहेडमा लेख्ने)*

*बैंकको नाम र ठेगाना :*
*अग्रीम पेश्की जमानत नं.*
*अग्रीम पेश्की जमानत रकम रु ........(चेक राइटरले समेत लेखेको हुनुपर्ने)*
*(निर्माण खरिदको नाम र नम्बर लेख्नुहोस्)*

*मिति*

श्री ...............................*(खरिदकर्ताको नाम लेख्नुहोस्)*

करारमा रहेको भुक्तानी सम्बन्धी व्यवस्था बमोजिम, अग्रिम पेश्की भुक्तानीको सिलसिलामा, श्री ................ *(निर्माण व्यवसायीको पूरा नाम लेख्नुहोस्)* (यसपछि "*निर्माण व्यवसायी*" भनिनेछ) ले खरिदकर्ता समक्ष उचित र ईमानदारीपूर्वक करारको सम्बन्धित दफामा उल्लेख भए अनुसारको आफ्नो दायित्व पूरा गर्न जम्मा ...... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* ................ *(जमानतको किसिम लेख्नुहोस्)* जमानत पेश गर्नुपर्ने हुँदा, .............. *(जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस्)* मा आधिकारिक ठेगाना भएको, ......*(जमानी दिने बैंकको पूरा नाम लेख्नुहोस्)* (यसपछि "बैंक" भनिनेछ) ले*निर्माण व्यवसायी*ले अनुरोध गरे अनुसार निःशर्त र अपरिवर्तनीय रहने गरी मुख्य जमानीकर्ताको हैसियतमा तपाईले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुने बित्तिकै विना अवरोध वा वादविवाद ........ *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* सम्मको रकम पुरै वा सोको केही अंश तपाईलाई भुक्तानी दिनेछौं ।

यो जमानत, करार अन्तर्गत *निर्माण व्यवसायी*ले अग्रीम पेश्की भुक्तानी पाएको मितिदेखि ....................... *( मितिः गते, महिना, साल लेख्नुहोस्, करार सम्पन्न हुने मिति यो मितिको लागि आधार हुनसक्छ)* सम्मकोलागि मान्य हुनेछ ।

नामः ................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूरा नाम लेख्नुहोस्)*

दर्जाः ................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस्)*

हस्ताक्षरः ................... *(माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)*

श्री ............................ *(बैंकको नाम लेख्नुहोस्, छाप लगाउनुहोस्)* को तर्फबाट यो जमानत पत्रमा हस्ताक्षर गर्ने अधिकार प्राप्त व्यक्ति।

मितिः *(मितिः गते, महिना, साल लेख्नुहोस्)*